जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १३४ • २०८३ साल आश्विन १५ गते बिहीबार (1 October, Thursday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-


## रिहा भए नेकपा नेता अशोक यादव



टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का नेता अशोक कुमार यादव तीन लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् ।

सर्लाही जिल्ला अदालतका न्यायाधीश मनोजकुमार श्रीवास्तवको एकल इजलासले बुधबार यादवलाई तीन लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो । जिल्ला अदालतको आदेश अनुसार तोकिएको धरौटी रकम बुझाएपछि यादव रिहा भएका छन् ।

नेता यादवविरुद्ध आपराधिक उपद्रव तथा कुटपिट गरी अंगभंग गरेको आरोपमा प्रहरीले मुद्दा दर्ता गरेको थियो । उक्त मुद्दामा अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउने क्रममा उनलाई पक्राउ गरिएको थियो ।

नेता यादवलाई गत भदौ २३ गते ललितपुरको धापाखेलबाट प्रहरीले पक्राउ गरेको थियो । पक्राउपछि उनलाई सर्लाही ल्याइ आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको थियो ।

जिल्ला अदालतमा भएको सुनुवाइपछि न्यायाधीश श्रीवास्तवको इजलासले नेता यादवलाई तीन लाख रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश दिएका छन् । जिल्ला अदालतको सो आदेश अनुसार धरौटी रकम बुझाएसँगै उनी हिर ासतबाट मुक्त भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले गत जेठ २५ गते कविलासी नगरपालिका-८ मा पर्ने अगर्वामा ड्युटीमा खटिएका प्रहरी कर्मचारीमाथि कुटपिट गरी घाइते बनाएको तथा प्रहरीको मोटरसाइकलसमेत तोडफोड गरेको घटनामा यादवलाई प्रतिवादी बनाइएको थियो । उक्त घटनापछि उनी फरार रहेको सर्लाही प्रहरीको भनाइ थियो ।

प्रहरीले यादवलाई गत भदौ २३ गते ललितपुर महानगरपालिका-२३ स्थित धापाखेलबाट पक्राउ गरेको थियो । जिल्ला प्रहरी कार्यालय सर्लाही र जिल्ला प्रहरी परिसर ललितपुरको समन्वयमा उनलाई पक्राउ गरी सर्लाही ल्याइएको थियो। पक्राउपछि सर्लाही जिल्ला अदालतबाट अनुसन्धानका लागि सुरुमा पाँच दिनको म्याद लिएर उनलाई प्रहरी हिरासतमा राखिएको थियो ।

यादवमाथि यसअघि पनि विभिन्न समयमा राज्यविरुद्धको कसुर, चोरीसम्बन्धी कसुर, केही सार्वजनिक अपराध, ज्यान मार्ने उद्योग, सार्वजनिक शान्तिविरुद्धको कसुर, आपराधिक प्रवेश तथा आपराधिक उपद्रव लगायतका विभिन्न कसुरमा अनुसन्धान भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

### भीभीआईपीका नाममा गाडी खरिद प्रक्रिया स्थगित

# खर्च कटौती नीतिविपरीत विलासी सवारी खरिद गर्न लागेको भन्दै आलोचना

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले भीभीआईपी प्रयोजनका लागि करिब साढे ३ करोड रुपैयाँ मूल्यको विलासी सवारीसाधन खरिद गर्न आह्वान गरेको बोलपत्र तत्कालका लागि स्थगित गरेको छ । सवारीसाधन खरिदको औचित्यमाथि चौतर्फी प्रश्न उठेपछि प्रदेश सरकारले खरिद प्रक्रिया अघि नबढाउने निर्णय गरेको छ ।

श्रम तथा यातायातमन्त्री शारदादेवी थापाले जनाए अनुसार मुलुकको वर्तमान अवस्था र सरकारको खर्च कटौतीको नीतिलाई ध्यानमा राख्दै तत्कालका लागि खरिद प्रक्रिया रोकिएको छ । उनको अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयको निर्देशनमा भीभीआईपीका लागि चारपांग्रे सवारीसाधन खरिद गर्न बोलपत्र आह्वान गरिएको थियो ।

श्रम तथा यातायात मन्त्री थापाले अहिलेको विषम परिस्थितिमा करोडौँ रुपैयाँ खर्च गरेर विलासी सवारी खरिद गर्नु उपयुक्त हुन्छ कि हुँदैन भन्ने विषयमा विभिन्न क्षेत्रबाट प्रश्न उठेपछि प्रक्रिया रोकिएको बताइन् । मन्त्री थापाले तत्काल भीभीआईपीको आगमनको सम्भावना नरहेकाले पनि नयाँ सवारीसाधन खरिदको आवश्यकता नदेखिएको प्रस्ट्याइन् ।

उनले बोलपत्र आह्वान हुनुअघि आफूलाई खरिद प्रक्रियाबारे पूर्वजानकारी नभएको दाबी गरिन् । सवारी खरिदको औचित्यमाथि प्रश्न उठेपछि मन्त्रालयका सचिवसँग आवश्यक जानकारी लिएर निर्णय भइनसकेको अवस्थामा प्रक्रिया अघि नबढाउने निर्णय गरिएको उनको भनाइ छ ।




मधेश प्रदेश सरकारले सरकारी खर्च कटौती गर्ने नीति कार्यान्वयन गरिरहेका बेला गत भदौ २५ गते श्रम तथा यातायात मन्त्रालयले भीभीआईपी प्रयोजनका लागि ३ करोड ५० लाख रुपैयाँ लागतको विलासी सवारीसाधन खरिद गर्न बोलपत्र आह्वान गरेको थियो । बोलपत्र सार्वजनिक भएपछि आर्थिक दबाबमा रहेको प्रदेश सरकारले एउटै सवारीसाधनमा करोडौँ रुपैयाँ खर्च गर्न लागेको भन्दै यसको औचित्यमाथि प्रश्न उठेको थियो ।

प्रदेश सरकारले यसअघि नै नयाँ सवारीसाधन तथा मेसिनरी औजार खरिद वा भाडामा लिने खर्चमा शतप्रतिशत रोक लगाएको छ । मधेश प्रदेशको बजेट कार्यान्वयन सम्बन्धी निर्देशिका अनुसार अर्थ मन्त्रालयले चालु आर्थिक वर्षमा विभिन्न ४४ शीर्षकमा २० देखि ७५ प्रतिशतसम्म खर्च कटौती गरेको छ ।

निर्देशिका अनुसार भत्ता, सञ्चार शुल्क तथा अति विशिष्ट व्यक्ति र प्रतिनिधिमण्डलको भ्रमण खर्चमा २० प्रतिशत कटौती गरिएको छ । त्यस्तै, तालिम तथा गोष्ठी, सशर्त अनुदान, वन तथा वातावरण संरक्षण र भैपरी आउने खर्चमा ५० प्रतिशत तथा पुँजीगत अनुसन्धान र परामर्श खर्चमा ७५ प्रतिशतसम्म कटौती गरिएको छ ।

खर्च नियन्त्रणका लागि यस्ता व्यवस्था लागू गरिएको अवस्थामा भीभीआईपीका नाममा ३ करोड ५० लाख रुपैयाँको सवारी खरिद प्रक्रिया अघि बढाइएको विषयले सरकारको खर्च प्राथमिकतामाथि प्रश्न उठाएको थियो ।

बजेट खर्चसम्बन्धी निर्देशिकामा मुख्यमन्त्रीका लागि समेत करिब डेढ करोड रुपैयाँसम्मको सवार ीसाधन खरिद गर्न सकिने व्यवस्था रहेको बताइएको छ । तर, त्यसको तुलनामा निकै महँगो सवारी खरिद गर्न खोजिएपछि विषय थप विवादित बनेको छ ।

उक्त सवारी राष्ट्रपति, प्रधानमन्त्रीजस्ता अति विशिष्ट व्यक्तिको मधेश प्रदेश भ्रमणका क्रममा प्रयोग गर्ने उद्देश्यले खरिद गर्न लागिएको जनाइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गर्न सकिने खरिद प्रक्रिया श्रम तथा यातायात मन्त्रालयमार्फत किन अघि बढाइयो भन्ने प्रश्नमा मन्त्री थापाले विगतमा पनि यस्तै सवारीसाधन यही मन्त्रालयमार्फत खरिद हुने गरेको बताइन् ।

सवारीसाधन खरिदमा रोक लगाइएको अवस्थामा अर्थ मन्त्रालयबाट समेत उक्त गाडी खरिदका लागि मात्रै सहमति दिइएको विषयले आलोचना थप चर्किएको थियो ।

आम्दानीको स्रोत सीमित र बजेट कार्यान्वयनमा खर्च कटौती गर्नुपर्ने अवस्थामा रहेको प्रदेश सरकारले भीभीआईपीका नाममा गर्न लागेको विलासी गाडी खरिद प्रकरण अन्ततः तत्कालका लागि स्थगित गरिएको छ ।

## हिंसाको आगोमा ३० वर्षको कमाइ स्वाहा

टुडे समाचारदाता

जनकपुरधाम । सिरहाको गोलबजारमा साउन १४ गते भएको दुई समुदायबीचको हिंसाको आगो निभिसकेको छ । स्थानीय बजारमा चहलपहल पनि बिस्तारै फर्किएको छ । तर त्यस दिनको आगजनी र तोडफोडले छाडेको आर्थिक तथा मानवीय घाउ भने अझै पनि उस्तै छ ।



कालो बनेको एबी मल, आगजनीबाट क्षतिग्रस्त नेहाल आइरन स्टोर र खरानीमा परिणत भएका कपडा पसलहरू आज पनि हिंसाका साक्षी बनेर उभिएका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाले पीडितबाट प्राप्त निवेदन तथा स्थलगत मुचुल्काका आधारमा सार्वजनिक गरेको प्रारम्भिक विवरणअनुसार घटनाबाट ७४ करोड १३ लाख ९० हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

प्रहरीले जनाए अनुसार १५ निजी घर, १८ पसल तथा व्यावसायिक संरचना, २८ सवार ीसाधन तथा धार्मिक र शैक्षिक स्थल गरी ६४ संरचना तथा सम्पत्तिमा तोडफोड र आगजनी भएको थियो ।

तर सो क्षति केवल प्रहरीको तथ्यांकमा सीमित छैन । व्यवसायीको वर्षौंको लगानी, कामदारको रोजगारी, रोकिएको कारोबार र समुदायबीचको विश्वासमा परेको असरको हिसाब अझै बाँकी छ ।

भदौ ६ गते गोलबजार पुग्दा प्रभावित व्यवसायीहरू व्यवसाय पुनःसञ्चालनभन्दा पहिले क्षतिको भारी बोकेर राज्यबाट राहत, सुरक्षा र न्यायको प्रतीक्षामा देखिन्थे ।

घटनामा ठूलो क्षति पुगेको संरचनामध्ये एबी मल पनि एक हो । साउन १४ गते तनाव बढेपछि प्रदर्शनकारीले सिरहा सुपरमार्केटद्वारा सञ्चालित मलमा आगजनी गरेको सार्वजनिक विवरणमा उल्लेख छ ।

मलका सञ्चालक जफीर अन्सारीले आफ्नो करिब ३० करोड रुपैयाँ बराबरको क्षति भएको दाबी गरेका छन् । भवन अहिले छ । तर उनको भनाइमा क्षति भवनमा मात्र सीमित छैन । पसलमा रहेका सम्पूर्ण सामान, संरचना, व्यवसायमा गरिएको लगानी र भविष्यको आम्दानीसमेत प्रभावित भएको छ ।

एबी मलसँगै नेहाल आइरन स्टोर रहेको भवनमा पनि ठूलो क्षति पुगेको छ । भवनधनी मोहम्मद इजरुल खानका अनुसार भवन निर्माणमा करिब ५ करोड रुपैयाँ लगानी गरिएको थियो । निर्माण सम्पन्न भएको पाँच वर्ष नपुग्दै भवन आगजनीमा परेको उनको भनाइ छ ।

त्यही भवनमा नेहाल आइरन स्टोर सञ्चालन गर्दै आएका साबिर खानले आफ्नो व्यवसायमा मात्रै करिब २० करोड रुपैयाँ बराबरको क्षति भएको दाबी गरेका छन् ।

इजरुलले आफ्नो धार्मिक पहिचानका कारण सम्पत्ति निशाना बनाइएको आरोपसमेत लगाएका छन्। यद्यपि उक्त दाबी स्वतन्त्र रूपमा पुष्टि भएको छैन । कसले, कुन उद्देश्यले र कसको निर्देशनमा सम्पत्ति छानेर आगजनी गर्‍यो भन्ने विषय अनुसन्धानबाट स्थापित हुन बाँकी छ ।

गोलबजार नगरपालिका-८ स्थित पुरानो चोक चोहर्वास्थित न्यू असलम वस्त्रालय तथा आलिया इन्टरप्राइजेजमा पनि आगजनीको असर स्पष्ट देखिन्छ । सञ्चालक असलम खानका कपडा तथा अन्य सामान जलेका छन् । घटनाको करिब २० दिनपछि पनि व्यवसाय पूर्ववत् सञ्चालनमा आउन सकेको थिएन ।

प्रभावित व्यवसायीका अनुसार उनीहरूसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिएका कम्तीमा सय जनाको रोजगारी प्रभावित भएको छ । पसल बन्द हुँदा कर्मचारीको आम्दानी रोकिन्छ । आपूर्तिकर्ताको कारोबार घट्छ र त्यसको असर व्यवसायमा निर्भर परिवारसम्म पुग्छ ।

गोलबजारको तनाव सुनसरीमा शुरु भएको साम्प्रदायिक तनावसँग सम्बन्धित विरोध प्रदर्शन विस्तार हुँदै जाँदा चर्किएको थियो । साउन १४ गते प्रदर्शन र झडप भएपछि प्रशासनले दिउँसो २ बजेदेखि कर्फ्यु लगाएको थियो ।

राष्ट्रिय मानवअधिकार आयोगदेखि स्थानीय मानवअधिकारकर्मीको संयुक्त अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारीले कर्फ्यु जारी गरिएको जानकारी दिएका थिए ।

सो घटनाका क्रममा १५ वर्षीय गणेश यादवको गोली लागेर मृत्यु भयो भने १९ वर्षीय सुभाष ठाकुर घाइते भए । शुरुमा गोली कसले चलाएको भन्ने स्पष्ट थिएन । पछि गृह मन्त्रालयले गठन गरेको छानबिन समितिले गणेशको मृत्यु नेपाल प्रहरीका एक अधिकृतले चलाएको गोलीबाट भएको निष्कर्ष निकालेको सार्वजनिक भएको छ । समितिले सम्बन्धित सुरक्षाकर्मीमाथि कारबाही तथा भीड नियन्त्रण प्रणालीमा सुधारको सिफारिस गरेको थियो ।

गणेशको मृत्युपछि अवस्था थप तनावपूर्ण बनेको थियो र त्यसपछि निजी तथा व्यावसायिक संरचनामा आगजनी तथा तोडफोड भएको थियो ।

सो घटनापछि गृहमन्त्री सुधन गुरुङ सिरहा पुगेका थिए । गणेश यादवको परिवारसँग सरकारका तर्फबाट निष्पक्ष छानबिन तथा दोषीमाथि कारबाहीलगायत विषयमा लिखित सहमति भएको थियो ।

तर आगजनीपीडित व्यवसायीका प्रश्न अझै बाँकी छन् । व्यवसाय पुनःस्थापना कसरी गर्ने ? क्षतिपूर्ति कसले दिने ? भविष्यमा आफ्नो सम्पत्ति र व्यवसायको सुरक्षा कसरी सुनिश्चित गर्ने ?

प्रहरीको प्रारम्भिक विवरणमा क्षति ७४ करोड रुपैयाँभन्दा बढी देखिए पनि रोजगारी गुमेको मूल्य, रोकिएको कारोबार, ऋणको दायित्व र समुदायबीच कमजोर भएको विश्वासको आर्थिक मूल्य त्यसमा समेटिएको छैन ।

गोलबजारको घटनाले राज्यसामु एउटा गम्भीर प्रश्न छाडेको छ । आमनागरिकको सम्पत्ति हिंसामा खरानी हुँदा राज्यको भूमिका क्षतिको मुचुल्का तयार गर्नेमै सीमित हुने कि पीडितको पुनर्स्थापना, क्षतिपूर्ति, दोषीको पहिचान र भविष्यमा यस्ता घटना दोहोरिन नदिने सुरक्षा सुनिश्चिततासम्म पुग्ने ?




# बजेट तथा कार्यक्रम कार्यान्वयनलाई गति दिन ऊर्जामन्त्री श्रेष्ठको निर्देशन



काठमाण्डु । उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले चालु आर्थिक वर्ष सुरु भएको साढे दुई महिना बितिसक्दा पनि मन्त्रालयको वित्तीय प्रगति अपेक्षाकृत न्यून रहेको भन्दै बजेट तथा कार्यक्रम कार्यान्वयनलाई गति दिन मातहतका निकायलाई निर्देशन दिनुभएको छ ।

मन्त्रालयमा बुधबार आयोजित समीक्षा बैठकमा मन्त्री श्रेष्ठले आर्थिक वर्षको अन्तिम समयमा मात्रै बजेट खर्च गर्ने परम्परागत शैली अन्त्य गरी सुरुदेखि नै योजनाबद्ध रूपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले बजेट कार्यान्वयनका लागि स्पष्ट कार्यतालिका बनाएर अघि बढ्न र निर्धारित समयमै ठेक्का आह्वान तथा सम्झौता गरी आयोजना कार्यान्वयनमा लैजान निर्देशन दिनुभयो ।

"व्यक्तिले होइन, प्रणालीले काम गर्ने वातावरण बनाउनुपर्छ," मन्त्री श्रेष्ठले भन्नुभयो, "निर्णय गरेर मात्रै पुग्दैन, त्यसको प्रभावकारी कार्यान्वयनमा समेत मन्त्रालय र मातहतका निकायको ध्यान जानुपर्छ ।" उहाँले आर्थिक अनियमितता गर्नु मात्र अख्तियारको दुरुपयोग नभई आफ्नो जिम्मेवारी र दायित्व समयमा पूरा नगर्नु पनि जवाफदेहिताको विषय भएको बताउनुभयो । राजनीतिक नेतृत्वसँगै कर्मचारी संयन्त्र पनि जनताप्रति उत्तरदायी भएर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

मन्त्री श्रेष्ठले मन्त्रालय, विभाग तथा मातहतका निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्दै सरकार गठन भएको करिब छ महिनाको अवधिमा भएका कामको समीक्षा गरी आगामी कार्यदिशा र रणनीति तय गर्न निर्देशन दिनुभयो । उहाँले सुशासन तथा शासकीय सुधारलाई प्रभावकारी बनाउन आवश्यक ठाउँमा दण्ड र जरिवानाको व्यवस्था गर्नुपर्ने बताउनुभयो । पछिल्लो एक महिना सरकार विपत्तिसँग जुध्न केन्द्रित हुनुपरेको उल्लेख गर्दै अब जनअपेक्षाअनुसार सिर्जनात्मक र नवीन कामलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो ।

"विकासले गति लिन खोज्दा नियतिले फेरि हामीलाई पुरानै ठाउँमा फर्काउन खोजेको अवस्था छ," उहाँले भन्नुभयो, "अब भएका क्षतिको पुनःरुत्थान र विकासलाई अघि बढाउन रिकभरी प्लान बनाएर काम गर्नुपर्छ ।"

बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव डा जगदीश्वर कर्माचार्यले विकास निर्माणलाई प्राथमिकतामा राख्दै आयोजना कार्यान्वयनमा सम्पूर्ण मन्त्रालय संयन्त्र परिचालन हुनुपर्ने बताउनुभयो । मन्त्रालयको पुँजीगत खर्चको अवस्था न्यून रहेको उल्लेख गर्दै आगामी दिनमा वित्तीय प्रगति सुधार गर्न सम्बन्धित महाशाखा तथा निकायलाई सक्रिय बनाउनुपर्ने उहाँको भनाइ थियो ।

बैठकमा मन्त्रालयको हालसम्मको वित्तीय प्रगति तीन दशमलव ०८ प्रतिशत रहेको तथ्याङ्क प्रस्तुत गरिएको थियो । समीक्षा क्रममा मन्त्रालयले चालु आर्थिक वर्षमा गरेका नीतिगत तथा कानुनी कामको प्रगति पनि प्रस्तुत गरिएको थियो । जलस्रोत र नवीकरणीय ऊर्जासम्बन्धी दुई विधेयक मन्त्रिपरिषद्मा पेस गरिएको, विभिन्न ७६ विषयमा कानुनी राय प्रदान गरिएको र १२ वटा विषयमा जरिवानासम्बन्धी कारबाही गरिएको जानकारी दिइयो ।

त्यस्तै, बूढीगण्डकी विकास प्राधिकरण गठनसम्बन्धी अवधारणाको मस्यौदा तयार गरिएको, विद्युत् नियमावली तथा विद्युत् व्यापार नियमावलीको मस्यौदा अघि बढाइएको, ऊर्जा विधेयकको तयारी तथा विद्युत् र ऊर्जा नीतिको मस्यौदा निर्माण गरिएको बैठकमा जानकारी गराइयो ।

विद्युत् व्यापारमा निजी क्षेत्रलाई आशयपत्र (एलओआई) दिने तयारी, सुरुङ तथा भूमिगत संरचनाको सुरक्षासम्बन्धी अध्ययन र प्रसारण लाइन निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको सहभागिता गराउने विषयमा भइरहेको आन्तरिक तयारीलगायत विषयमा पनि बैठकमा प्रगति विवरण प्रस्तुत गरिएको थियो ।रासस

# दुई सय टेलिफोन टावर र एक हजार ६०० स्थानमा फोरजी सेवा विस्तार यसैवर्ष गरिने छः सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनालेटेलिफोनतथाइन्टरनेट सेवालाई भरपर्दो र गुणस्तरीय बनाउन सरकारले सेवा विस्तार, उपकरण थप तथा विद्युत् आपूर्ति व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाएको बताउनुभएको छ ।



प्रतिनिधिसभाको बुधबारको बैठकमा विभिन्न समयमा उठेका प्रश्नको जवाफ दिनुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले कतिपय क्षेत्रमा अझै दूरसञ्चार सेवा विस्तार हुन नसकेको र विद्युत् तथा पावर ब्याकअपको अभावका कारण मोबाइल टावर लामो समय सञ्चालन हुन नसक्ने अवस्थालाई सुधार गर्न सरकारले नेपाल टेलिकमलाई विस्तृत कार्ययोजना बनाएर अघि बढ्न निर्देशन दिइसकेको बताउनुभयो ।

मन्त्री डा तिमिल्सिनाले दूरसञ्चार क्षेत्रमा चालु आर्थिक वर्षलाई मोबाइल सेवा विस्तार, सेवा सुधार र सेवालाई थप भरपर्दो बनाउने 'रूपान्तरण वर्ष'का रूपमा अघि बढाउन लागिएको बताउनुभयो । मोबाइल सेवाको गुणस्तर सुधार तथा पहुँच विस्तारका लागि नेपाल टेलिकमको नयाँ २०० वटा टावर निर्माणसम्बन्धी बोलपत्र मूल्याङ्कनको चरणमा रहेको उहाँले जानकारी दिनुभयो ।

टेलिकमले देशभर मोबाइल नेटवर्कमा देखिएका समस्या समाधान गर्न एक हजार ५९७ स्थानमा फोरजी सेवा सञ्चालनका लागि आवश्यक उपकरणको बोलपत्र यसै साता प्रकाशित हुने क्रममा रहेको मन्त्री डा तिमिल्सिनाको भनाइ छ ।

विद्युत् अवरुद्ध हुँदा मोबाइल सेवा सञ्चालनमा समस्या नहोस् भन्ने उद्देश्यले देशभरका नेपाल टेलिकमका टावरमा पावर ब्याकअपको क्षमता बढाउने काम भइरहेको मन्त्री डा तिमिल्सिनाले बताउनुभयो । उहाँका अनुसार पछिल्लो तीन महिनामा सातै प्रदेशका ६०० भन्दाबढी स्थानमा ब्याट्री ब्याकअप फेरिएको छ। यसबाट विद्युत् आपूर्ति अवरुद्ध हुँदा ग्रामीण क्षेत्रमा आठदेखि १० घण्टा तथा सहरी क्षेत्रमा चारदेखि छ घण्टासम्म सेवा सञ्चालन गर्न सकिने उहाँले बताउनुभयो । हाल करिब ५०० वटा ब्याट्री मौज्दात रहेको र आवश्यक स्थानमा आगामी तीन महिनाभित्र ब्याकअप अद्यावधिक गरिसक्ने लक्ष्य रहेको मन्त्री डा तिमिल्सिनाले जानकारी दिनुभयो । थप २०० थान ब्याट्री खरिदका लागि बोलपत्र प्रक्रियामा रहेको उहाँले बताउनुभयो ।

त्यस्तै, विद्यमान ३२ वटा सोलार साइटमा पावर ब्याकअप प्रणाली तथा सोलार प्रणालीको क्षमता वृद्धिकार्यका लागि भएको बोलपत्र सम्झौताको चरणमा रहेको मन्त्री डा तिमिल्सिनाले बताउनुभयो।

सम्भव भएसम्म सोलार साइटलाई राष्ट्रिय विद्युत् प्रसारण प्रणालीमा जोड्न ऊर्जा मन्त्रालयसँग समन्वय भइरहेको उहाँले जानकारी दिनुभयो ।

राष्ट्रिय विद्युत् प्रसारण नपुगेका क्षेत्रमा रहेका नेपाल टेलिकमका सोलार साइटमा ब्याट्री, उपकरण तथा ब्याट्री जोड्ने तार चोरी हुने गरेको र कतिपय टावरमा भौतिक क्षति हुने गरेको मन्त्री डा तिमिल्सिनाले बताउनुभयो । यस्ता घटनाका कारण दूरसञ्चार सेवामा पटक-पटक समस्या आउने गरेको उल्लेख गर्दै उहाँले दूरसञ्चार पूर्वाधारमा क्षति पुऱ्याउने तथा चोरी गर्नेहरूमाथि कडा कारबाही गरिने बताउनुभयो ।

भोटेकोशी बाढीबाट नेपाल टेलिकमको रु आठ करोड ८५ लाखभन्दा बढीको क्षति भएको जानकारी दिँदै मन्त्री डा तिमिल्सिनाले भोटेकोशी बाढीका कारण नेपाल टेलिकमको मोबाइल, वायरलाइन तथा ब्याकबोन प्रसारण प्रणालीमा करिब रु आठ करोड ८५ लाख १२ हजार ६८५ बराबरको क्षति भएको सदनलाई जानकारी गराउनुभयो ।

रसुवा, नुवाकोट र धादिङमा रहेका १२० साइटमध्ये ८३ साइटको सेवा बाढीका कारण अवरुद्ध भएको थियो । तीमध्ये त्रिशूली-३ 'बी', चिलिमे खोला र टिमुरेका तीन साइट पूर्णरूपमा क्षतिग्रस्त भएका थिए । पूर्णरूपमा क्षतिग्रस्त ती तीन साइटबाहेक अन्य अवरुद्ध सेवा पुनः सञ्चालनमा ल्याइसकिएको मन्त्री डा तिमिल्सिनाले बताउनुभयो ।

तीन साइट तत्काल पुनःस्थापना गर्न नसकिए पनि आवश्यक स्थानमा वैकल्पिक टावर स्थापना गरी मोबाइल नेटवर्कको पहुँच कायम गरिएको उहाँको भनाइ छ। टिमुरेको टावरमा यही साता हेलिकप्टरमार्फत सोलार जडान गरी सेवा सञ्चालनमा ल्याइएको मन्त्री डा तिमिल्सिनाले जानकारी दिनुभयो ।

रसुवा, नुवाकोट र धादिङमा रहेको कुल ६५ दशमलव तीन किलोमिटर फाइबर नेटवर्कमध्ये ३७ दशमलव नौ किलोमिटर बाढीबाट क्षतिग्रस्त भएकामा २७ दशमलव चार किलोमिटर भइसकेको मन्त्री डा तिमिल्सिनाले बताउनुभयो । वायरलाइन नेटवर्कअन्तर्गत रसुवा र नुवाकोटका तीनवटा ओएलटी पूर्णरूपमा क्षतिग्रस्त भएका तथा केही एफटीटीएच नेटवर्कमा समेत क्षति पुगेकामा ती ओएलटीमध्ये अधिकांश पुनःप्राप्त गरी सेवा सञ्चालनमा ल्याइएको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै, टिमुरे र रसुवागढी क्षेत्रमा फाइबर तथा माइक्रोवेभमा क्षति पुगेको थियो । हाल फाइबरको सट्टा माइक्रोवेभ प्रविधिबाट ब्याकबोन प्रसारण सेवा पुनःस्थापना गरिएको मन्त्री डा तिमिल्सिनाले बताउनुभयो । रासस

# भारतीय क्रिकेट प्रशिक्षकको सहभागितामा फिटनेश क्याम्प



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय क्रिकेट क्षेत्रका अनुभवी प्रशिक्षक तथा फिटनेस प्रशिक्षकको सहभागितामा एक साताको क्रिकेट फिटनेस क्याम्प जनकपुरधाममा सञ्चालन हुने भएको छ ।

राष्ट्रिय क्रिकेट खेलाडी हरिशंकर साहका अनुसार आईपीएलमा पञ्जाब किङ्सबाट खेलिरहेका प्रियंश आर्याका साथै दिल्लीबाट रणजी ट्रफी खेल्ने विभिन्न खेलाडीका फिटनेस प्रशिक्षकले जनकपुरधाममा एक सातासम्म फिटनेस क्याम्प सञ्चालन गर्ने तयारी गरेका छन् ।

साहका अनुसार उक्त क्याम्पमा जनकपुरधाम तथा आसपासका क्रिकेट खेलाडीलाई शारीरिक तन्दुरुस्ती, खेल क्षमता र अन्तर्राष्ट्रिय स्तरको क्रिकेटमा आवश्यक पर्ने तयारीबारे प्रशिक्षण दिइनेछ । भारतीय क्रिकेट प्रशिक्षक सञ्जय भारद्वाजले पनि समय मिलाएर जनकपुरधाममा केही दिन क्रिकेट क्याम्प सञ्चालन गर्ने तयारी गरेका छन् ।

भारद्वाज भारतीय क्रिकेटका चर्चित खेलाडी गौतम गम्भीर, नितिश राणा, अमित मिश्र, प्रियंश आर्यालगायतका खेलाडीका प्रशिक्षक तथा मार्गदर्शकका रूपमा परिचित छन् ।

साहका अनुसार भारद्वाजले जनकपुरधामका बालबालिका तथा युवा क्रिकेट खेलाडीलाई अन्तर ाष्ट्रिय स्तरमा खेल्न आवश्यक पर्ने प्राविधिक पक्ष, अनुशासन, शारीरिक तयारी र खेल कौशलका विषयमा मार्गदर्शन गर्नेछन् ।

स्थानीयस्तरमा क्रिकेटको आधार बलियो बनाउँदै प्रतिभावान खेलाडीलाई उच्चस्तरीय प्रशिक्षणको अवसर प्रदान गर्ने उद्देश्यले क्याम्प आयोजना गर्न लागिएको साहले बताए ।

# फरार ६ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ६ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।





जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जिल्ला अदालत धनुषाबाट फैसला भई कैद तथा जरिवाना सजाय तोकिएका उनीहरूलाई प्रहरीले खोजतलासका क्रममा पक्राउ गरेको हो । पक्राउ पर्नेमा लागूऔषध मुद्दाका दुई जना, सवारी ज्यान मुद्दाका एक जना तथा चोरी मुद्दाका तीन जना रहेको प्रहरीले जनाएको छ ।

अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको टोलीले उनीहरूको खोजी गरेको थियो । खोजतलास तथा आवश्यक समन्वयपछि उनीहरूलाई पक्राउ गरी कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ ।

प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार लागूऔषध मुद्दामा सजाय पाएका दुई जनालाई जनही २ महिना कैद र २ हजार रुपैयाँ जरिवाना तोकिएको थियो । त्यस्तै, सवारी ज्यान मुद्दामा एक जनालाई ९ महिना कैद र २ हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

चोरी मुद्दामा पक्राउ परेका तीन जनामध्ये एक जनालाई ५ महिना ८ दिन कैद र ६ हजार रुपैयाँ जरिवाना, अर्को एक जनालाई २ महिना कैद र ७ हजार रुपैयाँ जरिवाना तथा तेस्रो व्यक्तिलाई ४ महिना २० दिन कैद र ५ हजार रुपैयाँ जरिवाना तोकिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीका अनुसार अदालतबाट सजाय तोकिएपछि वारदातपश्चात फरार रहेका उनीहरूलाई विभिन्न स्थानबाट खोजी गरी पक्राउ गरिएको हो । पक्राउ परेका सबैलाई फैसला कार्यान्वयनका लागि धनुषा जिल्ला अदालतमा पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिएका छन् ।

प्रहरीले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएर फरार रहेका अन्य प्रतिवादीहरूको समेत खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ । अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तीव्र पारिएको प्रहरीको भनाइ छ ।

# ट्राफिक प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता

**टुडे समाचारदाता**

बारा । मधेश प्रदेशका आठवटै जिल्लाका ट्राफिक प्रमुखसँग प्रदेशस्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले आर्थिक वर्ष २०८३/८४ का लागि वार्षिक कार्यसम्पादन करार सम्झौता गरेको छ ।



पथलैयास्थित प्रदेश कार्यालयमा कार्यालय प्रमुख एवं ट्राफिक प्रहरी उपरीक्षक (एसपी) ज्ञानेन्द्रबहादुर बस्नेत र आठ जिल्लाका ट्राफिक प्रहरी प्रमुखबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

सम्झौता अनुसार ट्राफिक प्रहरीको सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र जनमुखी बनाउँदै सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनमा सुधार गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ ।

शासकीय सुधार, शान्ति सुरक्षा, अपराध नियन्त्रण, विपद् व्यवस्थापन तथा सडकमा हुने ट्राफिक गतिविधिको प्रभावकारी व्यवस्थापनलगायतका विषय सम्झौताका मुख्य आधार रहेका छन्।कार्यक्रममा एसपी बस्नेतले गत आर्थिक वर्षमा तय गरिएका लक्ष्य र हासिल भएको प्रगतिको समीक्षा गर्दै चालु आर्थिक वर्षमा जिम्मेवारीलाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गर्न निर्देशन दिए ।

उनले सम्झौतामा उल्लेखित जिम्मेवारी र प्रतिबद्धतालाई इमानदारीपूर्वक कार्यान्वयन गर्दै अनुशासित, जिम्मेवार र उत्तरदायी भएर काम गर्न ट्राफिक प्रमुखहरूलाई आग्रह गरे ।

कार्यसम्पादन सम्झौताले जिल्लास्तरमा ट्राफिक व्यवस्थापन, सडक सुरक्षा तथा प्रहरी सेवाको गुणस्तर सुधारमा थप जिम्मेवारीबोध गराउने अपेक्षा गरिएको छासम्झौता कार्यक्रममा मधेस प्रदेश ट्राफिक कार्यालयका प्रवक्ता एवं ट्राफिक प्रहरी नायब उपरीक्षक नवराज न्यौपाने, ट्राफिक प्रहरी निरीक्षक रमेश राई तथा आठ जिल्लाका ट्राफिक प्रहरी प्रमुखहरूको सहभागिता थियो ।

## प्रमाण–पत्र हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को स्थायी/मुल प्रमाण-पत्र मिति २०८३/०५/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : ध्रुव कुमार मण्डल**
**सिम्बोल नं.:** २१७०३८२४
**रजिष्ट्रेशन नं.:** ७७१७२८०१९
**ठेगाना:जि.ध. जनकपुरधाम उ.म.न.पा., वार्ड नं. १८, भोइल**
**मो.नं.** ९७६७६५३९२३

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | अवसरलाई पछ्याउन नसक्दा पछि पारिनेछ । |
| वृष : | दम्पत्तीबीच विवाद वा पारिवारिक असमझदारी बढ्ने सम्भावना छ । |
| मिथुन : | शत्रु र रोगबाट छुटकारा मिल्ने समय छ। |
| कर्कट : | टाढिएका सन्तानलाई आमाको यादले सताउन सक्छ । |
| सिंह : | नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । |
| कन्या : | हुलमुलमा धनमाल हराउन सक्छ । |
| तुला : | कर्मको उचित प्रतिफल पाइनेछ । विभिन्न उपहार प्राप्त हुने समय छ । |
| वृश्चिक : | पहिलेका कमजोरी सुधार्दै फाइदा उठाउने समय छ । |
| धनु : | स्वास्थ्य कमजोर रहनाले पढाइलेखाइमा समय दिन नसकिएला । |
| मकर : | लाभ हुने सन्दर्भमा केही प्रतिस्पर्धा हुने सम्भावना छ । |
| कुम्भः | नयाँ काममा हात हाल्ने समय छ । सोखले खर्च बढाउन सक्छ । |
| मीनः | काममा सहयोगीले साथ दिनेछन् भने विभिन्न अवसरले पछ्याउने ग्रहयोग छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सिमाको समस्या 'पोके तस्करी'



**अनिल तिवारी**

बीरगञ्ज। वीरगञ्ज मुलुककै मूल प्रवेशद्वार हो । आर्थिक राजधानीका रूपमा चिनिएको यो सहरले राज्यद्वारा असुल हुने करको सबैभन्दा हिस्सा बेहोर्दै आएको छ । बीरगञ्ज नाकाको सबै भन्दा ठुलो समस्याको रुपमा तस्करी रहेको छ ।

वीरगन्जको मुलनाका तथा आसपासबाट सुरक्षा कर्मि र तस्कर बिच झम्टा झम्टी देखी लुटपाटको घटनाहरु सार्वजनिक हुने गरेको छ । सिर्सिया नाकामा गएको असोज ७ राति ड्युटीमा खटेका दुई सशस्त्र प्रहरी जवानको औला तस्करहरुले भाँचि दिएका छन ।

भारतबाट कपडा बोकेर आउँदै गरेका महिलाको समूहसंग भएको झम्टाझम्टीमा प्रहरी जवानको औला भाँचिएको हो ।भारतबाट भित्र्याउदै गरिएको कपडा नियन्त्रमा लिन खोज्दा करिब एक दर्जन पुरुष तथा महिला पोके तस्करहरु बिच भिडन्त भएको थियो ।

कपडा बरामद गरिए पछि सिरिसियाको सिमा पुगेका तस्कर समुहले सुरक्षाकर्मीलाई घेरा हालेर शस्त्रप्रहरी माथि आक्रमण गरेको थियो ।सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मी र तस्कर समूह बिचको यो पहिलो होइन,बिरगञ्ज आसपासको क्षेत्रमा पोके तस्करसंग घटनाको क्रम बढदो छ ।

पर्साका सशस्त्र प्रहरी उपरीक्षक मोहनसिंह क्षेत्री सिमाको मुख्य समस्या पोकेतस्करी भएको बताउनु हुन्छ । केहि परिवारको जिवन यापनको आधार नै पोके तस्करी भएकोले पनि सिमाको यो समस्यालाई नियन्त्रण गर्न कठिन हुने गरेको वहाको स्वीकारोक्ति थियो ।

सशस्त्र प्रहरी उपरिषक सिहका अनुसार बिरगञ्ज आसपासका क्षेत्रमा करिब महिला, बालबालिका र पुरुष समेत गरी करिब ५ सय व्यक्ति दैनिक पोके तस्करीमा संलग्न रहे पनि यो कार्यमा बढि महिला तथा बालबालिको सक्रिया रहेका छन । उनीहरूमध्ये धेरैले यसलाई जीविकोपार्जनकै माध्यम बनाएको र पक्राउ परेपछि वा सामान जफत भए पनि पुनः यही काममा फर्किने गरेको क्षेत्री बताउँछन् ।

उनले भने,"पहिला जस्तो संगठित तस्करीलाई हामिले पूर्ण रूपमा नियन्त्रणमा लिएको छौ । तर महिला र बालबालिकाको प्रयोगद्धारा हुने गरेको पोके तस्करी चुनौतीकै रूपमा देखिएको छ । "

बिरगञ्जको आसपास तथा ग्रामीण नाकाबाट पोके तस्करी गरी भित्र्याइएका सामान मुलुकको बिभिन्न बजारमा पुग्ने गरेको छ। भारतबाट भित्र्याइएका कपड,खद्यान्य, लगायतका समानहरु वीरगन्जका ब्यापारीहरु बिलिगं गरेर विभिन्न शहरहरुमा पठाउने गरेका छन ।

सीमावर्ती भारतीय बजारमा चिनी प्रतिकिलो ६४ भारतीय रुपैयाँमा पाइने र खाने तेल नेपाली बजारको तुलनामा प्रतिलिटर २० देखि ३० रुपैयाँसम्म सस्तो पर्ने व्यापारीहरू बताउँछन् । कपडामा प्रतिगोटा ३ सयदेखि ४ सय रुपैयाँसम्म र मोबाइलमा ४ देखि ५ हजार रुपैयाँसम्म मूल्य अन्तर हुने गरेको उनीहरूको भनाइ छ ।

वीरगन्ज नाकाबाट महिला र बालबालिकाको प्रयोग गरी दैनिक उपभोग्य वस्तुदेखि कपडा, मोबाइल र लागूऔषधसम्मको पोके तस्करी हुने गरेको सुरक्षाकर्मी बताउँछन् ।

सीमावर्ती क्षेत्रमा खटिनेहरू बिहानको झिसमिसे देखि रातिसम्म टाउकोमा सामान बोकेर खेत, आली र सिर्सिया नदी हुँदै नेपाल प्रवेश गर्ने गर्छन् । कतिपय तस्कर सुरक्षाकर्मीको निगरानी कमजोर हुने समयको प्रतीक्षामा सीमामै २४ देखि ४८ घण्टासम्म बसेर सामान भित्र्याउने प्रयाससमेत गर्ने गरेको सशस्त्र प्रहरीको भनाइ छ ।

सिमामा कडाइ गरि पनि पछिल्लो समय पर्सामा भन्सार छलीका सामान बरामद हुने क्रम भने जारी छ । असोजको पहिलो साता जिल्ला प्रहरी कार्यालय पर्साले वीरगन्ज-१६ इनर्वागाउँ र छपकैयाबाट २० लाख ८१ हजार रुपैयाँभन्दा बढीका खाद्यान्न तथा औषधि बरामद गरेको छ । त्यसैगरी सशस्त्र प्रहरीले असोज ३ गते नैकाटोलाबाट मोबाइल पार्टस् तथा पकाहामैनपुरबाट कपडा गरी १७ लाख ५६ हजार ९ सय ९० रुपैयाँ बराबरका सामान बरामद गरेको थियो ।

सशस्त्र प्रहरी बल पर्साको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१र८२ मा तस्करीमा संलग्न १ सय ६५ जनालाई पक्राउ गरी २८ करोड ९२ लाख रुपैयाँ बराबरका सामान बरामद गरिएको थियो । आर्थिक वर्ष २०८२र८३ मा १ सय ७ जनालाई पक्राउ गरी २४ करोड ९८ लाख रुपैयाँ बराबरका सामान बरामद गरिएको सशस्त्र प्रहरीको तथ्यांक छ । चालु आर्थिक वर्षको पहिलो दुई महिनामै ३२ जना पक्राउ परिसकेका छन् भने ३ करोड ७१ लाख रुपैयाँ बराबरका सामान बरामद भएको छ ।

तस्करीका समान गोदामबाट ठुलो मात्रामा बरामद गरिए पनि तस्कर समूह माथि मुदा भने आकल झुकल चलाउने गरिएको बताइन्छ। जिल्ला प्रहरी कार्यालय पर्साको तथ्यांकले आर्थिक वर्ष २०८०/८१ मा जिल्ला प्रहरी कार्यालय पर्साले ५३ करोड ४६ लाख रुपैयाँ बराबरका सामान बरामद गर्नुका साथै ४ जना माथि कार्यवाहि चलाएको थियो । यसैगरी आर्थिक वर्ष २०८१र८२ मा ११ जना पक्राउ पर्दा ५९ करोड ९४ लाख रुपैयाँ बराबरका सामान बरामद भएको थियो ।

आर्थिक वर्ष २०८२र८३ मा भने ५ जना पक्राउ परेको र ६३ लाख ९६ हजार रुपैयाँ बराबरका सामान बरामद भएको प्रहरी तथ्यांक छ । चालु आर्थिक वर्षको भदौसम्म एक जना पक्राउ परेको र १७ करोड ५५ लाख रुपैयाँ बराबरका तस्करीका सामान बरामद भइसकेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता चक्रबहादुर मल्लले बताए ।

नेपाल भारतको सिमा नाकालाई तस्करी नियन्त्रणको लागी सरकारले कडा बनाएको बताइन्छ ।पर्सा जिल्लामा ७सय दरबन्दी भएको सशत्र प्रहरीका ६ सय सुरक्षा कर्मि सिमामै खटिने गरेको पर्साका सशस्त्र प्रहरी उपरीक्षक मोहनसिंह क्षेत्री बताउनु हुन्छ । नेपाल-भारतबीचको सबै नाकामा सशत्रसँगै जनपथ खटिने गरेका छन ।

# जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको ऐतिहासिक तथा धार्मिक महत्व मध्येका जनकपुरधामस्थित जानकी मन्दिरलाई युनेस्कोको विश्व सांस्कृतिक सम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अघि बढाउन सरोकारवालाले पहल शुरु गरेका छन् ।



रामजानकी मन्दिरलाई संरक्षित स्मारक क्षेत्र सरकारले घोषणा गरेपछि यस जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन पहल थालिएको हो । जानकी मन्दिरसहितको क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरिसकेको अवस्थामा उक्त निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहका अनुसार जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक प्रक्रिया अघि बढाउन प्रारम्भिक प्रतिवेदन तयार पारिएको छ । उक्त प्रतिवेदनमाथि जनकपुरधामका समाजका अगुवा, विज्ञ तथा सरोकारवालासँग सुझाव संकलन गरी अन्तिम रूप दिने तयारी भइरहेको उनले बताए ।

अन्तिम प्रतिवेदन तयार भएपछि विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रियाका लागि युनेस्कोमा पेस गर्ने योजना रहेको जानकारी दिदैँ उनले प्रतिवेदन तयार पार्ने कामका लागि आफू नगरप्रमुखको संयोजकत्वमा समिति गठन गरिएको बताएका छन् ।

नेपाल सरकारले गत भदौ १३ गते मन्त्रिपरिषद्बाट जानकी मन्दिरसहितको क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरेको अवस्थामा त्यसको कार्यान्वयन प्रक्रिया अघि बढाउनुपर्ने विषयमा पनि छलफल भएको छ ।

पुरातत्व क्षेत्रमा काम गरिसकेका रामबाबु दहालका अनुसार संरक्षित क्षेत्रको चार किल्लाभित्र पर्ने मठमन्दिर, सरोवर तथा अन्य ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको सर्वेक्षण गर्नुपर्ने आवश्यकता छ ।

उनका अनुसार संरक्षित क्षेत्र घोषणा गर्नु मात्र पर्याप्त नभई त्यसको प्रभावकारी कार्यान्वयनका लागि क्षेत्रभित्र रहेका सम्पदाको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापनसम्बन्धी काम व्यवस्थित रूपमा अघि बढाउन आवश्यक छ ।

'संरक्षित क्षेत्रलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन सबै पक्षबीच समन्वय आवश्यक छ,' दहालले भने, 'चार किल्लाभित्र रहेका ऐतिहासिक तथा धार्मिक सम्पदाको सर्वेक्षण गरी त्यसको अवस्थाबारे अभिलेख तयार गर्नुपर्छ ।'

विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रियाका लागि जानकी मन्दिरको ऐतिहासिकता, धार्मिक महत्व, वास्तुकला, सांस्कृतिक परम्परा तथा यससँग जोडिएका विभिन्न पक्षको व्यवस्थित अभिलेखीकरण आवश्यक रहेको सरोकारवालाले बताए । बुधवार भएको छलफलका क्रममा मन्दिरको निर्माण शैली, ऐतिहासिक पृष्ठभूमि, धार्मिक परम्परा तथा जनकपुरधामसँग जोडिएको सांस्कृतिक महत्वलाई प्रमाण र तथ्यका आधारमा दस्तावेजीकरण गर्नुपर्नेमा जोड दिइएको थियो ।

जानकी मन्दिर धार्मिक आस्थाको केन्द्र मात्र नभई मिथिला सभ्यता, संस्कृति र परम्परासँग जोडिएको महत्वपूर्ण सम्पदाका रूपमा रहेकाले यसको संरक्षणलाई स्थानीय सीमाभन्दा बाहिर अन्तर्राष्ट्रिय तहमा समेत स्थापित गर्नुपर्ने धारणा वक्ताहरुले छलफलमा राखेका थिए ।

ऐतिहासिक सम्पदाको मौलिक स्वरूपमा असर पर्ने गरी नयाँ भौतिक संरचना निर्माण गर्न नहुने र विकास निर्माणका गतिविधिलाई सम्पदा संरक्षणसँग जोडेर अघि बढाउनुपर्नेमा छलफलमा जोड दिइएको थियो । जानकी मन्दिर वरपर तथा संरक्षित क्षेत्रभित्रका ऐतिहासिक स्थलको मौलिकता जोगाउँदै आवश्यक पूर्वाधार विकास गर्नुपर्ने धारणा सहभागीहरूले राखेका थिए ।

संरक्षित क्षेत्रभित्र रहेका पोखरी, सरोवर, मठमन्दिर तथा अन्य सांस्कृतिक सम्पदाको अवस्था पहिचान गरी संरक्षणको योजना बनाउनुपर्ने आवश्यकतामाथि समेत छलफलमा जोड दिइएको थियो ।

# हत्याका आरोपी १८ वर्षपछि पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले १८ वर्षअघि गोली हानी हत्या गरिएको घटनाका एक फरार प्रतिवादी पक्राउ गरेका छन् । २०६५ सालमा भएको वीरेन पासवानको हत्यामा संलग्न रहेको आरोपमा धनुषाको कपटोल स्थायी घर भई हाल लालबन्दी नगरपालिका-२ बस्दै आएका इन्दल पासवान पक्राउ परेका हुन् ।

२०६५ साल फागुन १२ गते नेत्रगञ्ज-२ का वीरेन पासवान 'चिताइन मेला' हेर्न भनी घरबाट निस्किएको बेला राति करिब १० बजे उनी नेत्रगञ्ज-२ स्थित खाली जग्गामा छातीमा गोली लागेको अवस्थामा मृत फेला परेका थिए ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार, घटनाको अनुसन्धानका क्रममा इन्दल पासवानसहितका व्यक्तिहरूको संलग्नता रहेको खुलेपछि प्रहरीले उनीहरूको खोजी सुरु गरेको थियो । घटनापश्चात् लामो समयदेखि फरार रहेका इन्दललाई इलाका प्रहरी कार्यालय लालबन्दी र नवलपुरको संयुक्त टोलीले लालबन्दी नगरपालिका-२ बाट नियन्त्रणमा लिएको हो ।

इलाका प्रहरी कार्यालय हरिपुरबाट आवश्यक अनुसन्धान प्रक्रिया पूरा गरी उनलाई मंगलबार सर्लाही जिल्ला अदालतमा पेस गरिएको थियो । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा डीएसपी वेदप्रसाद गौतमका अनुसार, अदालतको आदेशबमोजिम इन्दललाई पुर्पक्षका लागि सर्लाही कारागार चलान गरिएको छ ।

प्रहरीको तथ्यांक पक्राउ परेका इन्दल यसअघि नै आपराधिक गतिविधिमा संलग्न रहँदै आएका व्यक्ति हुन् । उनी यसअघि हातहतियार तथा खरखजाना मुद्दामा महोत्तरी जिल्ला अदालतबाट दोषी ठहर भई ६ वर्ष कैद र ६० हजार रुपैयाँ जरिवाना भुक्तान गरिसकेका व्यक्ति हुन् । उनीविरुद्ध महोत्तरी र धनुषामा चोरी तथा डाँकासम्बन्धी मुद्दाहरू समेत दर्ता रहेको प्रहरीको भनाई छ ।

# आँखा अस्पतालको जिम्मेवारी महतोलाई

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल रेडक्रस सोसाइटी धनुषा शाखा अन्तर्गत रहेको जनकपुरधामस्थित जानकी आँखा अस्पतालको अल्पकालीन व्यवस्थापनको जिम्मेवारी रेडक्रस केन्द्रिय कार्यालयले धनुषा जिल्ला तदर्थ समितिलाई दिएको छ ।




रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले धनुषा जिल्ला तदर्थ समितिका सभापति पंकज कुमार महतोलाई पत्र पठाउँदै अर्को व्यवस्था नभएसम्मका लागि अस्पतालको व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी प्रदान गरिएको जानकारी गराएका हुन् ।

केन्द्रीय कार्यालयले बुधबार पठाएको पत्रमा जानकी आँखा अस्पतालको व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित र प्रभावकारी रूपमा निरन्तरता दिन छोटो अवधिको अन्तरिम व्यवस्थाका रूपमा जिल्ला तदर्थ समितिलाई जिम्मेवारी दिइएको उल्लेख छ ।

पत्रमा अस्पतालको व्यवस्थापन तथा आवश्यक समन्वयका कार्यहरू सञ्चालन गर्दा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयसँग प्रत्यक्ष समन्वय र आवश्यक परामर्श गर्न निर्देशन दिइएको छ ।

अस्पतालको सेवा प्रवाहमा कुनै अवरोध आउन नदिई नियमित सेवा सञ्चालन गर्न तथा रेडक्रस सोसाइटीको नीति, नियम र प्रचलित व्यवस्थाअनुसार कार्यसम्पादन गर्नसमेत केन्द्रीय कार्यालयले आग्रह गरेको छ ।

यस्तै, अस्पतालसँग सम्बन्धित महत्वपूर्ण निर्णय तथा संवेदनशील विषयमा केन्द्रीय कार्यालयसँग आवश्यक समन्वय गरेर मात्रै निर्णय लिन पत्रमार्फत निर्देशन दिइएको छ । केन्द्रीय कार्यालयले धनुषा जिल्ला तदर्थ समितिलाई दिइएको जिम्मेवारी अर्को व्यवस्था नभएसम्मका लागि मात्र लागू हुने अस्थायी व्यवस्था भएको जनाएको छ ।

जानकी आँखा अस्पताल नेपाल रेडक्रस सोसाइटी अन्तर्गत सञ्चालन हुँदै आएको आँखा उपचार सम्बन्धी महत्वपूर्ण स्वास्थ्य संस्था हो । अस्पतालको व्यवस्थापनमा पछिल्लो समय देखिएका विषयलाई सम्बोधन गर्दै सेवा प्रवाहलाई निरन्तरता दिन केन्द्रीय कार्यालयले तत्कालका लागि जिल्ला तदर्थ समितिलाई जिम्मेवारी दिइएको बुझिएको छ ।

# हत्या आरोपमा तीन डाँका पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा एक महिलाको हत्या आरोपमा डाँका समूहका तीन जना पक्राउ परेका छन् । गएको असोज ५ गते मध्यराति डकैती गर्न आएका व्यक्तिसँग प्रतिकार गर्दा जिल्लाको धोबिनी गाउँपालिका-५ कि ६२ वर्षीया लखरजिया देवीको मृत्यु भएको थियो ।

पक्राउ पर्नेहरूमा पर्साकै धोबिनी गाउँपालिका-५ का १८ वर्षीय चन्दन कुमार पटेल, सोही ठाउँका १८ वर्षकै घलथरिया भनिने राज कपुर बैठा र सोही ठाउँका १८ वर्षकै रामु पासवान रहेको पर्सा प्रहरीले जनाएको छ ।

मृतकको घरबाट डाँकाचोरी गरी लगेको पैसा र गरगहना समेत बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता, प्रहरी नायब उपरीक्षक(डीएसपी) चक्र मल्लले बताए । डाँका गरी लगेको २ थान सुनका चुरा चन्दनकुमारको घरबाट बरामद भएको प्रहरीले बताएको छ ।

डकैती गरेपछि उनीहरूले पैसा तथा गरगहना बाँडेका थिए । पहिला उधारो खाएको पसलमा ३ हजार तिरेको समेत पाइएको छ । राज कपुरको साथबाट ७६० रुपैयाँ बरामद भएको छ । चक्कु, पिलास, गाडीको स्प्रिङ पत्ता पनि बरामद भएका छन् ।

घटनाको राति साढे ११ बजेतिर तीन जना मिलेर राज कपुरको घरमा गाँजा खाएको प्रहरी अनुसन्धानबाट पत्ता लागेको छ । त्यति बेलै उनीहरूले चोरीको योजना बनाएका थिए । त्यसपछि उनीहरुले लखरजियाको घरको पछाडिको पर्खालबाट राति साढे २ बजेतिर घरमाथि चढेका थिए ।

माथिल्लो तलाको झ्यालबाट घरभित्र प्रवेश गरी उनीहरूले स्टिलको दराज फोडेर त्यहाँ राखिएको पैसा र गरगहना चोरी गरेका थिए । अरु कोठामा पनि रहेको टिनको बक्सा फुटाउँदै गर्दा लखरजियाले थाहा पाइन् । चोरी भएको शंका लागेर माथिल्लो तलामा चढिन् ।

चोरी गरेकाहरूलाई प्रतिकार गर्दा उनीहरूकै आक्रमणबाट लखरियाको ज्यान गएको प्रहरीले बताएको छ । पक्राउ परेकाहरूविरुद्ध हत्याको कसुरमा ७ दिनको म्याद लिएर प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

# मधेश प्रदेशमा कृषि 'अनुशन्धान देखि किसानसम्म'

**टुडे समाचारदाता**

बीरगञ्ज । कृषि विकासका लागी तिनै सरकार बिचको समन्वयलाई अगाडि बढाउने मधेस प्रदेशमा नया अभियान सुरु गरिएको छ ।



संघीय,प्रदेश र स्थानिय निकाय बिचको कृषि कार्यालय तथा प्राविधि बिच देखिएको खाडललाई न्युनिकरण गर्न मधेस प्रदेशमा नया कृषि कार्ययोजना अभियानको रुपमा सुरु गरिएको हो । कृषि अनुसन्धान निर्देशनालय, परवानीपुरले मधेश प्रदेश सरकारको समन्वयमा कृषि अनुशन्धानका बिषयहरु किसानसम्म पुर्याउने नया अभियान सुरु गरिएको बताईएको छ ।

संघीय सरकारको मातहरतमा रहेको कृषि अनुसन्धान निर्देशनालय, परवानीपुरले भैसी,बाखा,माच्छा ,बागवानी तथा विभिन्न बालीहरुको बारेमा गरिने राष्टिय आधुनिक प्रबिधिक अनुसन्धानलाई किसानसम्म पुर्याइने र किसानहरुलाई प्रत्यक्ष लाभ हुनेगरी नया कार्ययोजना सुरु गरिएको निर्देशनालयका प्रमुख डाक्टर बिशेश्वार प्रसाद यादवले बताउनु भयो ।उनले कृषि अनुशन्धानबाट विकास गरिएका कृषि प्रविधि पुऱ्याउन पहिलो चरणमा १० स्थानीय तह छनोट गर्ने योजना रहेको बताउनु भयो ।

पाइलट परियोजनाका रूपमा १० स्थानीय निकायबाट सुरु हुने कार्यक्रमलाई क्रमशः प्रदेशका १ सय ३६ वटै स्थानीय तहमा विस्तार गर्ने तयारी गरिएको बुधबार कृषि अनुसन्धान निर्देशनालय, परवानीपुरमा आयोजना गरिएको संयुक्त प्रशिक्षन कार्यक्रममा जानकारी गराइएको थियो ।

परवानीपुरमा सम्पन्न प्रविधि हस्तान्तरण सम्बन्धी प्रारम्भिक कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाका तिनै तहका कृषि अधिकारी तथा प्राविधिकहरुलाई सहभागी गराइएको थियो ।

बैठकमा निर्देशनालयका निर्देशक डा विश्वेश्वरप्रसाद यादवले मधेश प्रदेशको माटो र हावापानी अनुकूल नार्क तथा निर्देशनालयले विकास गरेका प्रविधि किसानका खेतसम्म पुऱ्याउने योजना रहेको बताए । उनले भने,'अनुसन्धानमा विकास भएको प्रविधि किसानसम्म पुर्याउनुका साथै किसानबाट उत्पादिन बालिनालीलाई उधोगसम्म पुर्याउने यो अभियानको लक्ष्य रहेको छ ।' यादवले भने, 'अनुसन्धान, प्रसार, कृषि उद्योग, शिक्षा र किसानलाई एउटै प्रणालीमा जोड्ने गरी कार्यक्रम अघि बढाइनेछ ।'

मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डाक्टर सञ्जय यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नार्कका योजना प्रमुख सुनिल अर्यालगायतले पदाधिकारीहरुले मधेस प्रदेशमा लागु हुने यो कार्ययोजनाबारे कार्यक्रममा सहभागी तिनै तहका प्राविधिकहरुलाई जानकारी गराएका थिए ।

बैठकमा मधेश प्रदेशका आठवटै जिल्लाका कृषि ज्ञान केन्द्र तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका प्रमुखहरूको सहभागिता थियो ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# घोषणा अनुरुप कार्य होस्

जानकी मन्दिरको संरक्षण र सौन्दर्यीकरण हुनु आवश्यक छ। जानकी मन्दिर सम्पूर्ण सनातन धर्मावलम्बीहरुको आस्थाको केन्द्र र धरोहर हो । जनकपुरधामको त जानकी मन्दिर प्राण नै हो । जानकी मन्दिर नरहे जनकपुरधामको अस्तित्व नै रहने छैन । लामो समयदेखि जानकी मन्दिरमा गुरु शिष्य परम्पराबाट महन्त चयन हुँदै आएको छ । अहिले गुठी संस्थानले त्यसमा सुधार गरेको छ । नयाँ कानुन बनेको छ । गुठीको महन्तको नियुक्ति पाँच वर्षको लागि हुने गुठीको प्रावधान छ । गुठी संस्थान अन्तर्गतका सबै मठमन्दिरहरुमा यस्तै अभ्यास छ । जनकपुरधामको मठमन्दिरहरु गुठी तालुकात रहे पनि ट्रष्ट अन्तर्गत कुनै मठमन्दिर छैन । मटिहानीको लक्ष्मीनारायण मठ पनि गुठी तालुक मात्र रहेको छ । त्यसको अन्य कुनै ट्रष्ट छैन । गुठीको कार्यालय रहेको राम मन्दिरकै अवस्था पनि जीर्ण छ । मन्दिरको सञ्चालन गुठी अधिन रहे पनि मन्दिर महन्त र गुठीको बाहिर गइसकेको छ । मन्दिरमा पूजा गर्ने कार्य मात्र महन्तको बाँकी छ । गुठीको त्यो अवस्था पनि छैन । सरकारले राम र जानकी मन्दिरलाई समेटेर संरक्षित क्षेत्र घोषणा गरेको छ । परिक्रमा सडकको चारवटा चोकलाई आधार मानेर घोषणा गरिएको संरक्षित क्षेत्रको विषयमा सरकारले थप ऐन, कानुन, निर्देशन सार्वजनिक गरेको छैन । संरक्षित क्षेत्रलाई मद्यमांस निषेधित क्षेत्र, भवन निर्माणको प्रारुप, पोखरी, तलाउहरुको सौन्दर्यीकरण लगायतको विषयमा पनि सरकारले ऐन, कानुन बनाउनु पर्छ । सरकारले संरक्षित क्षेत्र घोषणा गरिसकेपछि जानकी मन्दिरमा भौतिक संरचना लगायतको कामहरु नगर्न मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवलाई गुठी संस्थान, पुरातत्व विभाग र नेपाली सेनाको प्रकौली ब्यारेकबाट निर्देशन आएको छ । भगवान रामजानकी विवाहमहोत्सवको तयारी शुरु गर्नुपर्ने समय आइसकेको छ । मन्दिरको सौन्दर्यीकरणको कार्य पनि प्रारम्भ भइसक्नु पर्छ । मन्दिरको रंगरोगन गर्न बहुत समय लाग्ने गर्छ । त्यसकारण सम्बन्धित निकायहरुले त्यस तर्फ कार्य अगाडि बढाउन आवश्यक भइसकेको छ । गुठी संस्थानले अथवा पुरातत्व विभागले गरे पनि कार्य थाल्नु पर्छ । जानकी मन्दिरलगायतका मठमन्दिरहरुलाई अहिले सजाउने बेला छ । विवाहमहोत्सवमा हरेक मठमन्दिरबाट भगवानको डोला जनकपुरधामस्थित रंगभूमि मैदान(बाह्रबिघा)मा सहभागिता जनाउने गर्छ । सबै मठमन्दिरहरुमा श्रद्धालुहरुको भीड लाग्ने गरेको छ । तर गुठी संस्थानले अपवाद बाहेक रामजानकी विवाहमहोत्सव लगायतका समारोहमा कुनै लगानी गरेको छैन । जानकी मन्दिरले आयोजना गर्दै आएको रामजानकी विवाह महामहोत्सवमा लगानी पनि जानकी मन्दिरकै सक्रियतामा हुने गरेको छ । जानकी मन्दिरमा आउने श्रद्धालुहरुलाई गुठी संस्थानले कुनै व्यवस्था गरेको छैन । मन्दिर भत्किसकेको छ । त्यसको पूनर्निमाणमा गुठी संस्थानको लगानी नै छैन । यद्यपि जनकपुरधामबाट गुठी संस्थानले वार्षिक करोडौं राजस्व संकलन गरी लग्ने गरेको छ । जानकी मन्दिरप्रतिको जिम्मेवारी पनि गुठी संस्थानले लिएर अगाडि बढ्नु पर्छ ।

# लघुवित्तमा संस्थागत सुशासन : दिगो विकासको आधार र वर्तमान चुनौती



प्रमोदकुमार घिमिरे

नेपालको लघुवित्त क्षेत्र विगत तीन दशकमा वित्तीय समावेशीकरणको सबैभन्दा सफल अभियानमध्ये एक मानिन्छ । ग्रामीण तथा विपन्न समुदायसम्म औपचारिक वित्तीय सेवा पुर्‍याउने, महिलालाई आर्थिक रूपमा सशक्त बनाउने, स्वरोजगार र साना उद्यमलाई प्रोत्साहन गर्ने तथा गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउने कार्यमा लघुवित्त संस्थाहरूको भूमिका उल्लेखनीय रहेको छ । आज लाखौं नागरिक बचत, कर्जा, बीमा तथा वित्तीय साक्षरतामार्फत औपचारिक वित्तीय प्रणालीसँग आबद्ध भएका छन् । यस उपलब्धिको केन्द्रमा केवल वित्तीय स्रोत मात्र थिएन; संस्थागत विश्वास, पारदर्शिता, जवाफदेहिता र सुशासन पनि त्यत्तिकै महत्वपूर्ण आधार थिए ।

पछिल्ला केही वर्षमा नेपालको लघुवित्त क्षेत्र बहु-ऋण, बढ्दो निष्क्रिय कर्जा, ग्राहक असन्तुष्टि, सञ्चालन खर्चमा वृद्धि, नियामकीय दबाब तथा संस्थागत विश्वसनीयतामाथि बढ्दो प्रश्नजस्ता चुनौतीहरूको सामना गरिरहेको छ । यी समस्या केवल वित्तीय वा सञ्चालनगत मात्र होइनन्; तिनको मूलमा संस्थागत सुशासनको गुणस्तर पनि जोडिएको छ । वित्तीय संस्थाको सबैभन्दा ठूलो सम्पत्ति पूँजीभन्दा पनि विश्वास हो । सुशासन कमजोर हुँदा ग्राहक, लगानीकर्ता, नियामक र समाजको विश्वास क्रमशः क्षीण हुँदै जान्छ, जसले संस्थाको दीर्घकालीन स्थायित्वमा प्रत्यक्ष असर पार्छ । यही कारणले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा बासेल समितिले असल संस्थागत सुशासनलाई वित्तीय स्थायित्वको आधारस्तम्भ मानेका छन् ।

नेपालको लघुवित्त क्षेत्रले प्रारम्भिक चरणमा वित्तीय पहुँच विस्तारमा उल्लेखनीय सफलता हासिल गरे पनि बदलिँदो परिवेशअनुसार सुशासन, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण, डिजिटल सुरक्षा, ग्राहक संरक्षण तथा नेतृत्वको उत्तरदायित्वलाई समान रूपमा सुदृढ गर्न अपेक्षित गति लिन सकेको छैन । सञ्चालक समिति र व्यवस्थापनबीच भूमिकाको अस्पष्टता, प्रमाणमा आधारित निर्णय प्रक्रियाको कमी, जोखिमभन्दा व्यवसाय विस्तारलाई प्राथमिकता दिने प्रवृत्ति तथा पारदर्शी नेतृत्वको अभावले संस्थागत जोखिम बढाएको छ । त्यसैले अब लघुवित्त क्षेत्रको दीर्घकालीन सफलता कर्जा विस्तारभन्दा असल सुशासन, नैतिक नेतृत्व, पारदर्शिता र उत्तरदायी व्यवस्थापन संस्कृतिमा निर्भर रहने स्पष्ट देखिन्छ ।

नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थाहरूका लागि संस्थागत सुशासनसम्बन्धी विभिन्न निर्देशन, फिट एन्ड प्रोपर मापदण्ड, सञ्चालकको योग्यता, आन्तरिक लेखापरीक्षण, जोखिम व्यवस्थापन समिति, लेखापरीक्षण समिति तथा ग्राहक संरक्षणसम्बन्धी व्यवस्था लागू गरेको छ । यद्यपि कानुनी व्यवस्था हुनु र त्यसको प्रभावकारी कार्यान्वयन हुनु फरक विषय हुन् । धेरै संस्थाहरूमा सुशासनलाई नियामकीय बाध्यता मात्र मान्ने प्रवृत्ति अझै पनि देखिन्छ, जबकि यसलाई संस्थागत संस्कृतिका रूपमा विकास गर्न आवश्यक छ ।

आजका लघुवित्त संस्थाहरूले सामना गरिरहेका चुनौतीहरू वित्तीय सूचकमा मात्र सीमित छैनन्; डिजिटल बैंकिङको विस्तार, साइबर सुरक्षा, डेटा गोपनीयता, सामाजिक सञ्जालबाट उत्पन्न प्रतिष्ठागत जोखिम, जलवायु परिवर्तन, वैदेशिक रोजगारीको प्रभाव तथा ग्राहकको बदलिँदो वित्तीय व्यवहारले संस्थागत सुशासनको दायरा उल्लेखनीय रूपमा फराकिलो बनाएको छ । विगतमा सुशासनलाई मुख्यतः वित्तीय अनुशासन र नियामकीय अनुपालनसँग जोडेर हेरिन्थ्यो भने अहिले यसमा सूचना सुरक्षा, वातावरणीय तथा सामाजिक उत्तरदायित्व, ग्राहक अधिकार, डिजिटल जोखिम व्यवस्थापन र पारदर्शी नेतृत्वसमेत अभिन्न अङ्ग बनेका छन् । त्यसैले संस्थागत सुशासन आज लघुवित्त संस्थाको विकल्प होइन, दीर्घकालीन अस्तित्व, विश्वसनीयता र प्रतिस्पर्धात्मक क्षमताको आधारभूत पूर्वशर्त हो ।

विश्वव्यापी वित्तीय संकटहरूको अध्ययनले पनि अधिकांश संकटको मूल कारण पूँजीको अभावभन्दा कमजोर सुशासन, अपर्याप्त आन्तरिक नियन्त्रण, जोखिमप्रतिको लापरवाही र नेतृत्वको उत्तरदायित्वहीनता रहेको देखाएको छ । यही अनुभवका आधारमा सन् २००८ पछिका अन्तर्राष्ट्रिय सुधारहरूले वित्तीय संस्थामा सुशासनलाई केन्द्रमा राखेका छन् । नेपालका लघुवित्त संस्थाहरूले पनि शाखा विस्तार वा कर्जा वृद्धिलाई मात्र सफलताको मापदण्ड नठानी सुशासन, जोखिम व्यवस्थापन, डिजिटल सुरक्षा र ग्राहक विश्वासलाई संस्थागत संस्कृतिका रूपमा आत्मसात् गर्न सके मात्र दीर्घकालीन रूपमा दिगो, विश्वसनीय र प्रभावकारी वित्तीय संस्थाका रूपमा स्थापित हुन सक्नेछन् ।

नेपालको सन्दर्भमा हेर्दा लघुवित्त क्षेत्रमा देखिएका धेरै चुनौतीहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुशासनसँग जोडिएका छन् । पहिलो चुनौती सञ्चालक समितिको प्रभावकारिता हो । धेरै संस्थामा सञ्चालक समितिले दीर्घकालीन रणनीति, जोखिमको निगरानी तथा व्यवस्थापनको कार्यसम्पादन मूल्याङ्कनभन्दा दैनिक सञ्चालनका विषयमा बढी हस्तक्षेप गर्ने प्रवृत्ति देखिन्छ । यसले नीति निर्माण गर्ने निकाय र कार्यान्वयन गर्ने निकायबीचको सन्तुलन कमजोर बनाउँछ । प्रभावकारी सुशासनमा सञ्चालक समितिले नीति, रणनीति र निगरानीमा केन्द्रित रहनुपर्छ भने कार्यकारी व्यवस्थापनले दैनिक सञ्चालनको पूर्ण जिम्मेवारी लिनुपर्छ ।

दोस्रो चुनौती जोखिम व्यवस्थापनको संस्थागत संस्कृति हो । जोखिम व्यवस्थापनलाई अझै पनि धेरै संस्थाले अनुपालनको विषयका रूपमा मात्र लिने गरेका छन् । वास्तवमा जोखिम व्यवस्थापन संस्थाको निर्णय प्रक्रियाको अभिन्न अङ्ग हुनुपर्छ । ऋण स्वीकृतिदेखि लगानी, तरलता व्यवस्थापन, सूचना प्रविधि, साइबर सुरक्षा, मानव स्रोत तथा प्रतिष्ठागत जोखिमसम्म प्रत्येक निर्णयमा जोखिमको मूल्याङ्कन अनिवार्य हुनुपर्छ । जोखिमलाई घटना भएपछि समाधान गर्ने होइन, सम्भावित जोखिमलाई पहिचान गरी समयमै न्यूनीकरण गर्ने संस्कृतिको विकास आवश्यक छ ।

तेस्रो चुनौती आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणको प्रभावकारिता हो । कतिपय संस्थामा आन्तरिक लेखापरीक्षणलाई केवल नियामकीय औपचारिकताका रूपमा लिने गरिएको पाइन्छ । तर अन्तर्राष्ट्रिय अभ्यासले देखाएको छ कि बलियो आन्तरिक नियन्त्रण प्रणालीले वित्तीय अनियमितता, ठगी, सम्पत्ति दुरुपयोग तथा सञ्चालनगत कमजोरीलाई प्रारम्भिक चरणमै नियन्त्रण गर्न मद्दत गर्छ । आन्तरिक लेखापरीक्षक व्यवस्थापनको प्रभावबाट स्वतन्त्र, व्यावसायिक तथा जोखिममा आधारित हुनुपर्छ ।

> नेपालको लघुवित्त क्षेत्रमा अर्को महत्वपूर्ण चुनौती कार्यसम्पादन मूल्याङ्कन प्रणाली पनि हो । धेरै संस्थामा अझै पनि शाखा वा कर्मचारीको मूल्याङ्कन मुख्यतः ऋण विस्तार, ग्राहक संख्या र व्यवसाय वृद्धिमा आधारित हुने गरेको देखिन्छ । यसले गुणस्तरभन्दा परिमाणलाई प्राथमिकता दिन्छ । यदि कर्मचारीलाई केवल कर्जा विस्तारका आधारमा मूल्याङ्कन गरियो भने जिम्मेवार ऋण प्रवाह, ग्राहकको वास्तविक भुक्तानी क्षमता तथा जोखिम विश्लेषण ओझेलमा पर्न सक्छ । त्यसैले अबको कार्यसम्पादन मूल्याङ्कनमा पोर्टफोलियोको गुणस्तर, ग्राहक संरक्षण, आन्तरिक नियन्त्रणको पालना, सेवा गुणस्तर तथा वित्तीय अनुशासनलाई पनि समान महत्व दिनुपर्छ ।

चौथो चुनौती नैतिक नेतृत्वसँग सम्बन्धित छ । कुनै पनि संस्थाको सुशासन नीति वा नियमले मात्र निर्माण हुँदैन; नेतृत्वको व्यवहारबाट निर्माण हुन्छ । यदि नेतृत्वले नै पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र नैतिक आचरणलाई व्यवहारमा लागू गर्दैन भने संस्थाका अन्य कर्मचारीबाट त्यसको अपेक्षा गर्न सकिँदैन । त्यसैले उच्च तहको दृष्टिकोण अर्थात नेतृत्वबाट सुरु हुने सुशासनको संस्कृतिलाई वित्तीय संस्थाहरूले विशेष महत्व दिनुपर्छ ।

नेपालको लघुवित्त क्षेत्रमा अर्को महत्वपूर्ण चुनौती कार्यसम्पादन मूल्याङ्कन प्रणाली पनि हो । धेरै संस्थामा अझै पनि शाखा वा कर्मचारीको मूल्याङ्कन मुख्यतः ऋण विस्तार, ग्राहक संख्या र व्यवसाय वृद्धिमा आधारित हुने गरेको देखिन्छ । यसले गुणस्तरभन्दा परिमाणलाई प्राथमिकता दिन्छ । यदि कर्मचारीलाई केवल कर्जा विस्तारका आधारमा मूल्याङ्कन गरियो भने जिम्मेवार ऋण प्रवाह, ग्राहकको वास्तविक भुक्तानी क्षमता तथा जोखिम विश्लेषण ओझेलमा पर्न सक्छ । त्यसैले अबको कार्यसम्पादन मूल्याङ्कनमा पोर्टफोलियोको गुणस्तर, ग्राहक संरक्षण, आन्तरिक नियन्त्रणको पालना, सेवा गुणस्तर तथा वित्तीय अनुशासनलाई पनि समान महत्व दिनुपर्छ ।

डिजिटल प्रविधिको विस्तारसँगै डिजिटल सुशासन पनि लघुवित्त क्षेत्रको नयाँ आवश्यकता बनेको छ । आज अधिकांश संस्थाले कोर बैंकिङ प्रणाली, मोबाइल बैंकिङ, डिजिटल भुक्तानी, क्लाउड सेवा तथा अनलाइन डेटा व्यवस्थापन प्रयोग गरिरहेका छन् । यस्तो अवस्थामा साइबर सुरक्षा, डेटा गोपनीयता, सूचना प्रणालीको विश्वसनीयता तथा डिजिटल जोखिम व्यवस्थापनलाई संस्थागत सुशासनको अभिन्न अङ्ग बनाउन आवश्यक छ । सूचना सुरक्षा कमजोर भए वित्तीय क्षतिसँगै संस्थाको प्रतिष्ठामा दीर्घकालीन असर पर्न सक्छ ।

विश्वका सफल लघुवित्त संस्थाहरूको अध्ययन गर्दा एउटा समान विशेषता देखिन्छ । उनीहरूले ग्राहक-केन्द्रित सुशासनलाई प्राथमिकता दिएका छन् । ग्राहकलाई केवल ऋणी होइन, दीर्घकालीन साझेदारका रूपमा हेर्ने संस्थाले तुलनात्मक रूपमा राम्रो वित्तीय स्वास्थ्य कायम राखेको पाइन्छ । ग्राहकको गुनासो व्यवस्थापन, पारदर्शी ब्याजदर, स्पष्ट ऋण सम्झौता, वित्तीय साक्षरता तथा जिम्मेवार ऋण प्रवाहजस्ता अभ्यासले संस्थाको सामाजिक विश्वसनीयता बढाउँछ । नेपालमा पनि ग्राहक संरक्षणलाई नियामकीय दायित्वभन्दा संस्थागत मूल्यका रूपमा विकास गर्न आवश्यक छ ।

संस्थागत सुशासन सुदृढ गर्न अब केही नीतिगत सुधार अपरिहार्य देखिन्छ । पहिलो, सञ्चालक समितिका सदस्यहरूको क्षमता विकास, वित्तीय साक्षरता तथा नियमित कार्यसम्पादन मूल्याङ्कनको व्यवस्था हुनुपर्छ । दोस्रो, जोखिम व्यवस्थापन, आन्तरिक लेखापरीक्षण तथा अनुपालन कार्यलाई पूर्ण व्यावसायिक र स्वतन्त्र बनाइनुपर्छ । तेस्रो, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनको मूल्याङ्कन अल्पकालीन नाफाभन्दा दीर्घकालीन संस्थागत स्थायित्व, जोखिम नियन्त्रण तथा सुशासनका सूचकका आधारमा गरिनुपर्छ ।

चौथो, प्रत्येक संस्थाले उत्तराधिकार योजना, नेतृत्व विकास तथा प्रतिभा व्यवस्थापनलाई संस्थागत नीति बनाउनु आवश्यक छ । पाँचौं, कृत्रिम बौद्धिकता, डेटा एनालिटिक्स तथा डिजिटल प्रविधिको प्रयोगमार्फत जोखिमको पूर्वानुमान गर्ने क्षमता विकास गर्नुपर्छ । छैटौं, संस्थागत निर्णय प्रक्रियामा पारदर्शिता बढाउन सूचना प्रकटीकरणलाई अन्तर्राष्ट्रिय अभ्यासअनुसार थप प्रभावकारी बनाइनुपर्छ । सातौं, कर्मचारीका लागि आचारसंहिताको प्रभावकारी कार्यान्वयन र नैतिक नेतृत्व विकासलाई नियमित तालिमसँग जोडिनुपर्छ । आठौं, ग्राहक गुनासो व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री र छिटोछरितो बनाइनुपर्छ । नवौं, सञ्चालक समिति, व्यवस्थापन र नियामक निकायबीच नियमित संवाद तथा सुधारको संस्कृति विकास गर्नुपर्छ । दशौं, सुशासनलाई केवल अनुपालनको विषय नभई संस्थाको रणनीतिक प्रतिस्पर्धात्मक क्षमताका रूपमा स्थापित गर्नुपर्छ ।

नेपालको लघुवित्त क्षेत्र आज रूपान्तरणको निर्णायक मोडमा उभिएको छ । अब सफलता शाखा विस्तार वा कर्जा वृद्धिले मात्र होइन, संस्थागत सुशासन, प्रविधिमैत्री सेवा, जोखिम व्यवस्थापन, नवप्रवर्तन र ग्राहक विश्वासले निर्धारण गर्नेछ । बलियो सुशासनले वित्तीय स्थायित्व, पारदर्शिता, उत्तरदायित्व, लगानीकर्ताको विश्वास तथा नियामकीय अनुपालनलाई सुदृढ बनाउँछ । त्यसैले लघुवित्तको भविष्य संस्थाको संख्याभन्दा सुशासनको गुणस्तरमा निर्भर छ । वित्तीय समावेशीकरणको पहिलो चरण पार गरिसकेको यो क्षेत्र अब डिजिटल रूपान्तरण, नैतिक नेतृत्व, प्रभावकारी जोखिम व्यवस्थापन र उत्तरदायी संस्थागत संस्कृतिमा आधारित दोस्रो पुस्ताको सुधारतर्फ अग्रसर हुन सके मात्र नेपालको समावेशी, दिगो र उत्पादनमुखी आर्थिक विकासको सशक्त आधार बन्न सक्छ ।

# चीनसँग जोड्ने तीनवटै नाका बन्द हुँदा वैदेशिक व्यापार प्रभावित

**हिमाल लम्साल**

गत भदौ १० गते भोटेकोशीमा गएको बाढीले रसुवा नाकामा पर्ने नेपाल र छिमेकी मुलुक चीनको भन्सारसँग जोडिएका धेरै संरचना क्षतिग्रस्त हुँदा ठूलो मानवीय र भौतिक क्षति पुर्‍याएको छ । दुवै मुलुकतर्फको सीमावर्ती क्षेत्रमा अत्यधिक क्षति भएकाले पनि नेपाल र चीन जोड्ने 'लाइफलाइन' का रुपमा चिनिएको रसुवा नाका तत्कालै सञ्चालन हुने सम्भावना निकै कम हुँदा दुवै मुलुकका नागरिकको आवतजावत मात्रै नभएर वैदेशिक व्यापार पनि ठप्पै भएको छ ।

बाढीले दुवैतर्फको सडक, पुल, भन्सार प्रशासनसँग जोडिका महत्वपूर्ण सबै खालका पूर्वाधार ध्वस्त पारेकाले पनि तत्कालै यो नाका तत्काल पुनर्निर्माण गरेर सञ्चालन गर्न पनि भौगौलिक रुपमा मात्रै नभएर व्यावहारिक रुपमा पनि जटिल रहेको छ । अर्कोतर्फ भोटेकोशीमा गएको बाढीसँगै तातोपानी नाका पनि केही समयदेखि अवरुद्ध हुँदै आइरहेको छ ।

छिमेकी मुलुक चीनसँग सडकमार्गबाट जोडिएका रसुवा र तातोपानी नाका मात्रै अवरुद्ध भएको छैन । यसअघि सञ्चालन हुँदै आइरहेको मुस्ताङको कोरला नाका पनि यही असोज ८ देखि ११ गतेसम्म लगातार आएको बाढीपहिरोका कारणले विभिन्न ठाउँमा सडक तथा पुललगायतका संरचनामा क्षति भएपछि अहिले ठप्प छ । नेपालीहरुको चाडपर्व दसैं, तिहार, छठलगायतका पर्व घरआँगनमा आइपुग्ने लाग्दा चीनसँग जोडिएका तीनवटै प्रमुख नाकाहरु अवरुद्ध हुँदा एकातर्फ दुवै मुलुकबीच हुने वैदेशिक व्यापार ठप्प जस्तै भएको छ । अर्कोतर्फ चाडपर्व लक्षित गरेर ल्याएका सरसमान पनि छिमेकी मुलुक चीनतर्फ नै रोकिएका छन् ।

नेपाल हिमालयन सीमापार वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक श्रेष्ठले चीनसँग जोडिएका तीनवटै मुख्य नाका ठप्प हुँदा दुवै मुलुकबीच हुने आयात-निर्यात ठप्प भएको बताउनुभयो । "यही भदौ १० गते भोटेकोशीमा गएको बाढीले रसुवा नाकाको तहसनहस नै बनायो । जसका कारणले सो नाका कहिले सञ्चालनमा आउने कुनै टुङ्गो छैन", उहाँले भन्नुभयो, "भोटेकोशीमा बाढी आएको केही समयमै चिनियाँ पक्षले तातोपानी नाकाबाट पनि आयात निर्यात ठप्प पारेपछि चीनसँगको मुख्य नाका पूरै ठप्पै जस्तो छ ।"

उहाँले चाडपर्वलाई लक्षित गरेर चीनबाट ल्याउन लागेका वस्तु तथा सरसमान उतै रोकिँदा व्यवसायी तथा व्यापारी चर्को मारमा परेको गुनासो गर्नुभयो । "व्यापारीले ऋणधन गरेर चीनबाट आयात गर्नुभएको वस्तु तथा समान चिनिया भूमिमा नै रोकिएका छन् । यसले व्यापारीहरुको ऋणको भार बढी रहेको छ भने अर्कोतर्फ सरसमान कहिले आउने भन्ने अनिश्चित कायमै छ", उहाँले भन्नुभयो, "सरकारले चीन सरकारसँग कूटनीतिक पहलकदमी गरेर तत्काले नाका तातोपानी नाका खुलाउने प्रयास गर्न जरुरत भइसकेको छ ।"

रसुवा नाका र तातोपानी नाका अवरुद्ध भएसँगै पछिल्लो समय मुस्ताङको कोरला नाका हुँदै चीनतर्फबाट वस्तु तथा सरसामान आयात र निर्यात हुँदै आइरहेको थियो तर यही असोज ८ देखि ११ गतेसम्मको लगातारको वर्षात्का कारणले कालीगण्डकी कोरिडोर आसपासमा सडक तथा पुललगायतका संरचनामा क्षतिग्रत बनाएपछि अहिले कोरला नाका हुँदै हुने वैदेशिक व्यापार पनि रोकिएको छ ।

नेपाल हिमालयन सीमापार वाणिज्य सङ्घका महासचिव रामचन्द्र पराजुलीले चीनसँग जोडिएका मुख्य लाइफलाइनका रुपमा चिनिने रसुवा, तातोपानी र कोरला नाका अवरुद्ध हुँदा चीनसँग हुने वैदेशिक व्यापार चौपट भएको बताउनुभयो । "अहिले त चीनसँग जोडिएका मुख्य सडकमार्गको पहुँच नै टुटेको छ", उहाँले भन्नुभयो, "भोटेकोशीमा गएको बाढीपहिरो पछि रसुवा र तातोपानी नाकाबाट कोरला नाकातर्फबाट ल्याउन खोजिएका करिब ७०० भन्दा धेरै कन्टेनर सडक अवरुद्ध भएकाले चीनको भूमिका रोकिएका छन् ।"

सङ्घका महासचिव पराजुलीले चीनतर्फबाट आयात गरेर ल्याउन लागिएका करिब रु पाँच अर्ब रकम पर्ने वस्तु तथा सामान चिनियाँ नाकामा रोकिएको दाबी गर्नुभयो । "नेपाल सरकारले चीनसरकारसँग पर्याप्तमात्रामा कूटनीतिक पहलकदमी गरेर तातोपानी नाका खुलाउने प्रयास गर्नुपर्ने बेला भइसक्यो । जति ढिलो भयो, त्यति नै ठूलो असर पर्नेछ", उहाँले भन्नुभयो, "कोरला नाकातर्फ पनि विभिन्न स्थानमा सडक र पुललगायतका संरचनामा क्षति भएकाले पनि सरकारले तत्कालै सडक तथा पुल मर्मतसम्भार गरेर सञ्चालन गर्न आवश्यक छ ।"




### यस्तो छ मुख्य नाकाको वैदेशिक व्यापार

भन्सार विभागका अनुसार आव २०८२/८२ मा रसुवा भन्सार नाका हुँदै रु ४५ अर्ब ७३ करोड ८२ लाख ६४ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो । सो आवमा कुल आयातमध्ये यो भन्सारको हिस्सा भने दुई दशमलव १८ प्रतिशत छ । त्यस्तै सोही आवमा रसुवा भन्सार हुँदै रु ८९ करोड ४६ लाख एक हजार मूल्यपर्ने वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको थियो । आव २०८१/८२ मा रसुवा भन्सार हुँदै रु ८५ अर्ब २३ करोड २३ लाख ६० करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएका थियो । सो आवमा कुल आयातमध्ये उक्त भन्सार नाकाको आयातको हिस्सा भने चार दशमलव ७२ प्रतिशत छ । त्यस्तै यो नाका हुँदै सो आवमा रु दुई अर्ब चार करोड ५२ लाख ६१ हजार मूल्यपर्ने वस्तु तथा सामान निर्यात भयो ।

रसुवा नाका मात्रै नभएर चीनसँग सडकमार्गबाट जोडिएको तातोपानी भन्सार नाकाबाट पनि आयात निर्यात हुँदै आइरहेको छ । भन्सार विभागका अनुसार आव २०८२/८३ मा तातोपानी नाका हुँदै रु ४७ अर्ब ४८ करोड ६१ लाख १८ हजार मूल्यपर्ने वस्तु तथा सामान नेपाल भित्रिएको छ । नेपाल भर हुने कुल आयातमध्ये यो नाकाको हिस्सा भने दुई दशमलव २७ प्रतिशत छ । सो आवमा यो नाका हुँदै हुने निर्यात भेन नगण्य रहेको छ ।

त्यसैगरी आव २०८१/८२ मा यो नाकाबाट रु ५० अर्ब ३९ करोड ५८ लाख ६२ हजार मूल्यपर्ने वस्तु तथा सामान आयात भयो । यो आवमा कुल निर्यातमध्ये यो नाकाको हिस्सा भने दुई दशमलव ७९ प्रतिशत छ । त्यस्तै यो नाका हुँदै निर्यात भने शून्य जस्तै छ । आव २०८२/८३ मा मुस्ताङ नाका हुँदै १४ अर्ब ४० करोड ६७ लाख २८ हजार मूल्यपर्ने वस्तु तथा सामान भित्रिएको छ । कुल आयातमध्ये यो नाकाको हिस्सा शून्य दशमलव ६९ प्रतिशत छ । सो आवमा यो नाका हुँदै २० करोड ५५ लाख ७५ हजार मूल्यपर्ने वस्तु तथा सामान निर्यात भएको छ । निर्यातमा यो नाकाको हिस्सा भने शून्य दशमलव ०७ प्रतिशत मात्रै छ ।

पूर्वाधार विकासमन्त्री सुनील लम्सालले यही असोज ९ गते नेपालका लागि चिनिया राजदूत वाङ माओमिङसँग भेटघाट गर्दै रसुवामा बाढीबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण तथा विकास र रसुवागढी केरुङ नाका पुनः सञ्चालन लगायतको विषयमा चीन सरकारकोतर्फबाट आवश्यक सहयोग गर्न अनुरोध गर्नुभएको छ । करिब छ लाख ५० हजारभन्दा धेरै नेपाली नागरिकसँग जोडिएको छ । मन्त्री लम्सालले तातोपानी र कोरला नाकालगायत जतिसक्दो छिटो सञ्चालनका लागि आवश्यक पहल कदमी गरिदिनका लागि चिनियाँ पक्षसँग अनुरोध गर्नुभएको छ ।

मन्त्री लम्सालले करिब छ लाख नेपाली नागरिकको राज्यसँगको सम्पर्क तथा सहज आवतजावत र कोरला तथा तातोपानी नाकाको प्रभावकारी सञ्चालनलगायत विषयमा चीन सरकारबाट आवश्यक समन्वय गर्नका लागि आह्वान गर्नुभएको छ । चिनियाँ राजदूत वाङ माओमिङले नेपालको प्रमुख व्यापारिक केन्द्रका रूपमा रहेको रसुवागढी नाकाको पुनर्निर्माण तथा सञ्चालनका लागि विशेष अध्ययन गरी दीर्घकालीन र प्रभावकारी पूर्वाधार निर्माण गर्न सकिने बताउनुभयो । राजदूत वाङले कोरला र तातोपानी नाका सञ्चालनका लागि चीन सरकार सकारात्मक रहेको जानकारी दिँदै रसुवागढी नाकाको पुनर्निर्माण तथा सञ्चालनका सम्बन्धमा नेपाल सरकारले विशेष प्रस्ताव पठाएमा आवश्यक समन्वय र सहयोगका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

# लोककल्याणकारी विज्ञापनको दर निर्धारण वैज्ञानिक र विधिसम्मत गरिएको छः सञ्चारमन्त्री डा तिमिल्सिना



काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले पत्रपत्रिकालाई उपलब्ध गराइने लोककल्याणकारी विज्ञापनको दर निर्धारण वैज्ञानिक, वस्तुनिष्ठ र विधिसम्मत आधारमा गरिएको स्पष्ट पार्नुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले विभिन्न समयमा उठाएका प्रश्नको जवाफ दिँदै उहाँले लोककल्याणकारी विज्ञापनको दर निर्धारण गर्दा विद्यमान दररेट, पत्रपत्रिकाको वर्गीकरण, विज्ञापन प्रकाशनको संख्या तथा महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदनलाई आधार बनाइएको बताउनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाका अनुसार पत्रपत्रिकामा लोककल्याणकारी विज्ञापन प्रकाशन गरेबापत हाल कायम रहेको राष्ट्रियस्तरको 'क' वर्गको मासिक रु ३५ हजार २०० दरलाई आधार दरका रूपमा लिइएको छ । यसअघि कायम रहेको रु ३५ हजार २१९ को दरलाई रु ३५ हजार २०० कायम गरी अनुपातमा रहेको असमानतालाई सच्याउँदै २० प्रतिशतको अनुपात कायम गरिएको उहाँले सदनलाई जानकारी दिनुभयो ।

उहाँले पत्रपत्रिका वितरण सम्परीक्षण मापदण्ड, २०६६ (परिमार्जित-२०७९) को दफा ४१ मा रहेको समकक्षता निर्धारणसम्बन्धी व्यवस्थासमेत कार्यान्वयन गरिएको बताउनुभयो । सो व्यवस्थाअनुसार राष्ट्रिय, प्रदेश र स्थानीयस्तरका पत्रपत्रिकालाई सम्बन्धित वर्गका आधारमा समकक्षता कायम गरिएको उहाँले स्पष्ट पार्नुभयो ।

त्यस्तै, महालेखा परीक्षकको कार्यालयको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण प्रतिवेदनको दफा १०.३ मा पत्रपत्रिकाको वर्गीकरण प्रेस काउन्सिल नेपालको वर्गीकरणअनुसार सङ्घ (राष्ट्रिय), प्रदेश तथा स्थानीय 'क', 'ख', 'ग' र 'घ' वर्गमा गरिएको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले विज्ञापनबापतको रकम भुक्तानी पनि सोही वर्गीकरणअनुसार गर्नुपर्ने सुझाव कार्यान्वयन गरिएको बताउनुभयो । महालेखापरीक्षकको कार्यालयले आफ्नै प्रतिवेदनमा यसअघि सैद्धान्तिक बेरुजुका रूपमा देखाएकोमा त्यसलाई सम्परीक्षण नगरे आगामी वर्षहरूमा त्यस्तो बेरुजु गणतीय रूपमा देखिने स्पष्ट पार्नुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाका अनुसार लोककल्याणकारी विज्ञापन प्रकाशनको सङ्ख्यालाई पनि दर निर्धारणको आधार बनाइएको छ । हालको व्यवस्थाअनुसार दैनिक पत्रिकाले १० वटा, अर्धसाप्ताहिकले सातवटा, साप्ताहिकले चारवटा र मासिक पत्रिकाले एउटा लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने व्यवस्थालाई आधार मानी मासिक दररेट कायम गरिएको छ ।

त्यस्तै, कार्यविधिमा रहेको पाक्षिक, मासिक र द्वैमासिक प्रकाशनलाई एउटै आधार मानी फरक-फरक मासिक दररेट कायम गर्ने व्यवस्थालाई पनि दर निर्धारणमा समेटिएको उहाँले जानकारी दिनुभयो ।

लोककल्याणकारी विज्ञापनको रकमलाई विधिसम्मत बनाउने क्रममा केही पत्रिकाको रकम घटेको र केहीको बढेको हुनसक्ने उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले यो प्रक्रिया कुनै निश्चित पत्रिकालाई लक्षित गरेर नभई प्रचलित कानुन, वर्गीकरण र लेखापरीक्षणबाट औँल्याइएका विषयलाई सम्बोधन गर्ने उद्देश्यले अघि बढाइएको बताउनुभयो ।रासस

# विकास निर्माणमा देखिएका समस्या समाधान गर्न कानुन संशोधन गर्दै सरकार

काठमाण्डु । सरकारले विकास निर्माणमा देखिएका समस्या समाधानका लागि कानुनमा आवश्यक संशोधनको तयारी गरिरहेको जनाएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री वालेन्द्र साहसँग सङ्घीय संसद् प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुने प्राविधिक पृष्ठभूमिका सांसदहरूले बुधबार गर्नुभएको छलफलमा पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले निजी क्षेत्र र व्यवसायमैत्री वातावरण निर्माणका लागि कानुन संशोधनको काम भइरहेको बताउनुभयो ।

"प्रधानमन्त्रीज्यूको सोच नै निजी क्षेत्रमैत्री र व्यवसायमैत्री वातावरण निर्माण गर्ने हो", मन्त्री लम्सालले भन्नुभयो, "हामीले हालै फोहोर व्यवस्थापनको क्षेत्रमा पनि यसको अभ्यास गरेका छौँ । फोहोर व्यवस्थापनलाई व्यवसायका रूपमा विकास गर्नुपर्छ भन्ने सोचका साथ काम अघि बढाएका छौँ । फोहोर व्यवस्थापन पनि एउटा उद्योगका रूपमा विकास हुन सक्छ । त्यसैले यसमा पनि पूर्ण रूपमा व्यवसायमुखी दृष्टिकोण आवश्यक छ ।" मन्त्री लम्सालले उद्योगले



भोगेका समस्या समाधानका लागि पनि काम भइरहेको बताउनुभयो । "एक ठाउँमा चुनढुङ्गा खानी र अर्को ठाउँमा सिमेन्ट उद्योग हुनसक्छ, यसले सिमेन्ट उद्योगको लागत बढाउँछ । अहिले रु ६० को कोइला ल्याउँदा त्यसको ढुवानीमा एक हजार १०० रुपैयाँसम्म खर्च हुने अवस्था छ । त्यसैले सिमेन्टको लागत घटाउन ढुवानी लागत घटाउनु आवश्यक छ ।"

मन्त्री लम्सालका अनुसार सरकारले उद्योगका लागि आवश्यक कच्चा पदार्थ ढुवानीमा प्रयोग हुने आवश्यक साधन तथा सवारीसाधनको भन्सारलाई शून्य बनाउने र उद्योगका लागि आवश्यक कच्चा पदार्थ जहाँ उपलब्ध छ, त्यसको सम्भव भएसम्म नजिकै उद्योग स्थापना गर्न सक्ने गरी योजना व्यवस्थाका लागि काम भइरहेको छ । कच्चा पदार्थ उपलब्ध हुने ठाउँमै सम्भव भएसम्म उद्योग स्थापना गर्न सकियो भने उत्पादन लागत घटाउन सकिने उहाँको भनाइ थियो ।

छलफलका क्रममा सांसद सागर ढकालले सडकलगायतका पूर्वाधार निर्माणमा तीन वटा सिफ्टमा २४ सै घण्टा काम गर्न आवश्यक रहेको बताउनुभयो । साथै नेपालका लागि कफीखेती राम्रो सम्भावना भएको क्षेत्र भएकाले कफी उत्पादन र निर्यात बढाउन कानुन संशोधन गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद आशीष गजुरेलले सार्वजनिक यातायातलाई सार्वजनिक-निजी साझेदारी (पिपिए) मोडलमा लैजानसुझावदिनुभयो।साथै'स्मार्ट ट्रान्सपोर्टेसन' को अवधारणामा 'जिरो ट्राफिक' बनाउने दिशामा अघि बढ्न र निजी लगानीलाई प्रोत्साहन पनि आवश्यक रहेको उहाँको भनाइ छ ।

सांसद श्रीराम न्यौपानेले विकास निर्माणका काम २४ सै घण्टा गर्न व्यवस्था गर्न सके मात्रै पुँजीगत खर्च बढाउन सकिने धारणा राख्नुभयो । सांसद् धर्मराज केसीले जलवायु परिवर्तनका सम्बन्धमा कानुन निर्माण गर्नुपर्ने बताउनुभयो ।

डा राम लामाले इन्जिनियरको तलब र सेवा सुविधा बढाउन सकियो भने दक्ष जनशक्ति विदेशिनबाट रोक्न सकिने बताउनुभयो । सांसद तपेश्वर यादवले तराईमा इन्जिनियरिङ कलेज स्थापनाका लागि सरकारले गरेको तयारीको प्रशंसा गर्नुभयो । यसले इन्जिनियरिङ अध्ययनका लागि विदेश जाने विद्यार्थीहरूको सङ्ख्यामा कमी आउने उहाँले विश्वास व्यक्त गर्नुभयो । सांसदहरू जगदीश खरेल, उज्ज्वलकुमार झा, अरविन्द शाह, धर्मराज केसी, सुशील खड्काले पनि समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभएको थियो । रासस

## पाँच देशका राजदूतद्वारा राष्ट्रपतिसमक्ष ओहोदाको प्रमाणपत्र प्रस्तुत



काठमाण्डु । नेपालका लागि नवनियुक्त पाँच देशका आवासीय राजदूतले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको छ ।

राष्ट्रपति कार्यालयमा बुधबार आयोजित छुट्टाछुट्टै विशेष समारोहमा थाइल्याण्डका राजदूत डोनाविट पूल्सावत, सङ्घीय गणतन्त्र ब्राजिलका राजदूत क्लाउडियो राजा गाबाग्लिया लिन्स, इस्लामिक गणतन्त्र पाकिस्तानका राजदूत मोहम्मद आमिर खान, फ्रान्सका राजदूत फ्रान्स्वाज पुइग-इन्जा र गणतन्त्र कोरियाका राजदूत पार्क जे-क्युङले ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको हो ।

समारोहमा नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरूको समेत उपस्थिति रहेको राष्ट्रपति कार्यालयका प्रवक्ता कृष्णबहादुर शाहीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । नवनियुक्त राजदूतहरूलाई लाजिम्पाटदेखि राष्ट्रपति कार्यालयसम्म रिसल्लासहितको बग्गीमा सवारी गराइएको थियो । रासस

# शून्य समयमा जलवायु न्यायदेखि बजार नियमनसम्मका माग

काठमाण्डु । प्रतिनिधिसभामा सांसदहरुले जलवायु न्यायदेखि चाडपर्वका मुखमा खाद्य वस्तुको सहज आपूर्तिका लागि बजार नियमनसम्मका माग गर्नुभएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा उहाँहरुले किसान र मजदुरका समस्या समाधानदेखि वर्षाले क्षति भएका सडक मर्मत गरी नियमित आवतजावतको व्यवस्था गर्नसमेत माग गर्नुभएको छ ।

बैठकमा सांसद बलावती शर्माले बागलुङमा बाढीबाट भएको जनधनको क्षति र आवतजावतमा भएको अवरोध बारेमा जानकारी गराउँदै सङ्कटग्रस्त जिल्ला घोषणा गरेर आवश्यक राहतको काम गर्न आग्रह गर्नुभयो ।

सांसद वसुमाया तामाङले भोटेकोशी बाढीबाट प्रभावित पर्यटन मजदुरका समस्या समाधानका लागि तत्काल पर्यटन कोषको रकम राहतमा खर्चका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद बिना गुरुङले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा प्रधानमन्त्री वालेन्द्र शाहले राख्नुभएको विषय प्रशंसनीय भएको उल्लेख गर्दै अब नेपालले जलवायु न्यायका लागि दया होइन न्याय चाहिएको विषय उठाउन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

सांसद बुद्धिप्रसाद पन्तले हिमाल आइरन एण्ड स्टिल उद्योगका मजदुरले नौ महिनादेखि करोडौँ रुपैयाँ पारिश्रमिक नपाएको अवगत गराउँदै समाधानका लागि यथाशीघ्र पहल गरिदिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद भरत गिरीले यात्राका क्रममा प्रमुख राजमार्गमा सवारी चालकले मनपरी होटलमा रोक्ने गरेको उल्लेख गर्दै होटलको खाना र मूल्यमा प्रभावकारी अनुगमन गर्न माग गर्नुभयो ।

सांसद भरतप्रसाद पराजुलीले मेलम्ची विपद्का विस्थापितका लागि घोषणा गरिएको राहत र क्षतिपूर्ति हालसम्म पूर्ण रुपमा कार्यान्वयन नभएको अवगत गराउँदै तत्काल सुनुवाइका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । साथै उहाँले भोटोकोशीमा बगेका गाडीमा सम्बन्धित बैंकले किस्ता तिर्न ताकेता गरेको उल्लेख गर्दै केही समय पर्खिनका लागि व्यवस्था गरिदिन सरकारसँग आग्रह गर्नुभयो ।

सांसद भीमकुमारी बुढामगरले दाङको देउखुरीमा स्वर्गद्वारी गुठीको जग्गाका मोहीका समस्याका बारेमा अवगत गराउँदै



सांसद भरत गिरीले यात्राका क्रममा प्रमुख राजमार्गमा सवारी चालकले मनपरी होटलमा रोक्ने गरेको उल्लेख गर्दै होटलको खाना र मूल्यमा प्रभावकारी अनुगमन गर्न माग गर्नुभयो ।

सम्बन्धित कानुन बनाई व्यविस्थत गर्न माग गर्नुभयो ।

सांसद भूमिका श्रेष्ठले महिला मन्त्रालयको नाम परिवर्तन भए पनि अल्पसङ्ख्यक लैङ्गिक समुदायको थप अधिकारका लागि विनियोजित बजेट कम भएको उल्लेख गर्दै रकमान्तरमार्फत थप बजेट व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद मञ्जु भुसालले रु ३५ अर्बमा बनेको गौतम बुद्ध विमानस्थलमा गत चैतदेखि हालसम्म एउटा पनि अन्तरराष्ट्रिय उडान नभएको उल्लेख गर्दै अब कहिलेदेखि सुरु हुन्छ भनी सरकारसँग प्रश्न गर्नुभयो ।

सांसद मदनकृष्ण श्रेष्ठले भोटोकोशी बाढीबाट पाठ सिक्नुपर्ने बताउँदै व्यवस्थित सहर बसाउन योजना बनाउनुपर्ने बताउनुभयो ।

सांसद मधुकुमार चौलागाईंले भोटेकोशी बाढीबाट काभ्रेका धेरै युवालाई बेपत्ता बनाएको उल्लेख गर्दै पछिल्लो समयमा मनाङमा हिमपहिरोमा बेपत्ता नागरिकको अवस्थाका बारेमा सरकारसँग जानकारी माग गर्नुभयो ।

सांसद मनिष खनालले नवलपुरअन्तर्गत पर्ने हुलाकी सडकको निर्माण कार्यमा भइरहेको ढिलाइबारे जानकारी गराउँदै तत्काल सम्पन्न गराउन माग गर्नुभयो ।

सांसद मनिष झाले धेरै नदी क्षेत्रमा बालुवा र काठको व्यवस्थापन हुन नसक्दा तल्लो तटीय क्षेत्रमा बगेर जाने बालुवा र काठका कारण खेत तथा बस्ती जोखिममा परेको बताउँदै समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

सांसद महेन्द्रबहादुर शाहीले कर्णालीका नागरिक सडक अवरोधको पीडामा रहेको जानकारी गराउँदै चाडपर्वका बेला सहज रुपमा घर जान पाउने वातावरण बनाउनका लागि माग गर्नुभयो ।

सांसद माधवबहादुर थापाले प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसङ्घको महासभामा किसानका विषय उठाउनुभएको बताउँदै नेपालमा अझै पनि किसानले रासायनिक मल सहज रुपमा नपाएका बारेमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मिङ्मा ग्याल्बु शेर्पाले जलवायु परिवर्तनका कारण मुलुकले पछिल्लो समय धेरै जनधनको क्षति व्यहोर्नु परेको उल्लेख गर्दै केही दिनअघि हिम्लुङ हिमालमा बेपत्ता नागरिकको खोजी कार्य जारी रहेको बताउँदै थप साधन स्रोतका लागि आग्रह गर्नुभयो ।

सांसद मोहनलाल आचार्यले कपिलवस्तुका जनतामा स्वास्थ्य र शिक्षा पहुँचको कमी रहेको उल्लेख गर्दै जिल्लामा कृषि क्याम्पस र मेडिकल कलेज स्थापनाको माग गर्नुभयो ।

सांसद यज्ञबहादुर बोगटीले अछाम जिल्ला अस्पतालमा हाल अक्सिजन प्लान्ट बिग्रेर बन्द रहेकाले उपचारमा कठिनाइ भएको उल्लेख गर्दै तत्काल नियमित र मर्मत गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद यज्ञमणि न्यौपानेले कालोधन नियन्त्रणका लागि नोटबन्दी गर्न माग गर्नुभयो । सांसद युवराज दुलालले पनि कालोधन नियन्त्रणका लागि नोटबन्दी गर्न माग गर्नुभयो । साथै उहाँले त्यसमा किन ढिलाइ भनी सरकारसँग प्रश्न गर्नुभयो ।

सांसद रजनी श्रेष्ठले सरकारले कोशी प्रदेशको इटहरीमा सीप र रोजगारीका लागि रोजगार मेला आयोजना गरेकामा सरकारलाई धन्यवाद दिँदै सातै प्रदेशमा मेला आयोजना गर्न सरकारकोध्यानाकर्षणगराउनुभयो।

सांसद रत्नाकुमारी थापाले महासभामा प्रधानमन्त्री वालेन्द्र शाहले उठाउनुभएका विषयको प्रशंसा गर्नुभयो । उक्त सम्बोधनले राष्ट्रिय गौरव बढाएको उल्लेख गर्दै उहाँले विषयलाई तार्किक निष्कर्षमा पुऱ्याउन सबै लाग्नुपर्नेमा जोड दिनुभयो ।

सांसद रञ्जु न्यौपानेले २०७२ सालको भूकम्पमा परी क्षतिग्रस्त मिन भवन क्याम्पसको हालसम्म पुनःनिर्माण गर्न नसकिएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रमेशकुमार मल्लले सरकारले पहिलो वर्ष सुशासन र सेवा प्रवाहको नारा दिएको भए पनि हाल मुलुकमा किसानले मल नपाएको, अत्यावश्यक खाद्य व्यवस्थाको आपूर्ति सहज नभएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रमेशकुमार सापकोटाले आर्थिक अभावका कारण कुनै पनि नागरिकले उपचार नपाएर ज्यान गुमाउनुपर्ने अवस्था नाआओस् भनेर सरकारले विशेष व्यवस्था गर्नुपर्ने माग गर्नुभयो ।

सांसद रमेश प्रसाईंले धनगढी, झापालगागत सहरमा आन्तरिक उडानको मूल्य मनपरी हुने गरेको उल्लेख गर्दै यसमा नियमन गर्न पर्यटनमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । सांसद रविन्द्र पटेलले रौतहटको बाबा वैदुनाथ सुगर चिनी मिलले हजारौँ किसानको बक्यौता नतिरेको जानकारी गराउँदै तत्काल बक्यौता रकम प्रदान गर्ने व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद राजन गौतमले कालीगण्डकी नदी क्षेत्रमा आएको बाढीपहिरोले गण्डकी प्रदेशका विभिन्न जिल्लामा भएको भौतिक क्षतिले यातायात अवरोध भएको बताउँदै आवश्यक वैकल्पिक सडक बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद राजीव खत्रीले प्रेस काउन्सिल नेपालका अध्यक्षलाई झ्यालबाट बाहिर फ्याँक्न दिएको धम्की दिएकोप्रति दुःख व्यक्त गर्दै लोककल्याणकारी विज्ञापनलाई व्यवस्थित बनाउनुपर्ने सुझाव दिनुभयो ।

सांसद राजेशकुमार चौधरीले तराईमा एक शिक्षकका लागि ५० विद्यार्थी तोकेको मापदण्ड भए पनि रौतहटलगायत कतिपय जिल्लामा त्यस्तो अनुपात ८० सम्म पुगेकाले यसलाई व्यवस्थित बनाउन माग गर्नुभयो ।

सांसद राधिका रम्तेलले मजदुरका समस्या अवगत गराउँदै सामाजिक सुरक्षालगायत व्यवस्था गर्न तथा श्रमको मूल्य बढाउन र व्यवस्थित बनाउनुपर्ने बताउनुभयो ।

सांसद रामाकान्तप्रसाद चौरासियाले मधेस प्रदेशको प्रादेशिक अस्पतालमा स्वास्थ्य कर्मी र उपकरणको कमी भएको बताउँदै आवश्यक पूर्तिका लागि पहल गरिदिन सङ्घीय र प्रादेशिक सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रिगङ्ला यादवले पूर्वी नवलपरासीमा नेपाल गण्डक पश्चिम नहरमा पुनःनिर्माणको पर्खाइमा रहेको बताउँदै यसका शाखा र उपशाखाको मर्मत गरी व्यवस्थित बनाउन माग गर्नुभयो ।

सांसद रिमा विश्वकर्माले सदनमा विभिन्न महत्वपूर्ण विधेयक तीव्र गतिमा अघि बढाइएको भन्दै कानुनको गुणस्तरका लागि निर्माणमा आवश्यक समय लाग्नेतर्फ ध्यानाकर्षण गराउनुभयो ।

सांसद रुकेश रञ्जितले भक्तपुरका सडकमा निकासको समस्या हुँदा वर्षायाममा सडक अवरोध हुने गरेको बताउँदै निकासको आवश्यक व्यवस्था मिलाउन माग गर्नुभयो ।

सांसद रुविना आचार्यले मोरङका कतिपय स्थानमा वर्षामा बाटो, खोला र खेत छुट्याउन नसकिने अवस्था रहेको बताउँदै आगामी योजनामा त्यस्तो अवस्था नहुनेगरी काम गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस

# अध्यक्ष ओलीको आग्रह- सानातिना मतभेद बिर्सेर स्थानीय तहको निर्वाचन तयारीमा लागौँ

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्रका सानातिना मतभेदलाई व्यवस्थापन गर्दै आगामी स्थानीय तहको निर्वाचनको तयारीमा जुट्न निर्देशन दिनुभएको छ ।

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रदेश तथा जिल्ला कमिटीका सचिवालय सदस्यसँग आज भएको भर्चुअल सम्बोधनमा उहाँले आन्तरिक एकता थप सुदृढ बनाउँदै आगामी निर्वाचनको तयारीमा जुट्न निर्देशन दिनुभयो ।

अध्यक्ष ओलीले पार्टीभित्र एकअर्काका सामान्य असहमति र आलोचनालाई सहज रूपमा लिनुपर्ने बताउनुभयो । "शत्रुका लात सहने, तर आफ्ना साथीका बात नसहने काम अब बन्द गरौँ । सानातिना असमझदारी छाडेर साझा सङ्कल्पका साथ एमाले एकजुट भई अघि बढ्नुपर्छ," उहाँले भन्नुभयो ।

उहाँले एमालेभित्र कुनै समस्या नरहेको दाबी गर्नुभन्दा सङ्गठनलाई थप व्यवस्थित र सक्रिय बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । विरोधीहरूले एमाले विभाजित हुने अपेक्षा गरे पनि पार्टी विचार र सङ्गठनका हिसाबले एकढिक्का रहेको उहाँको भनाइ थियो ।

अध्यक्ष ओलीले वर्तमान राजनीतिक



परिस्थितिमा पार्टीले लोकतान्त्रिक अधिकारको रक्षा र आगामी निर्वाचनको तयारीलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । उहाँले आगामी निर्वाचनमा केन्द्रित भएर सङ्गठन परिचालन गर्न कार्यकर्तालाई आग्रह गर्नुभयो ।

एक निर्वाचनको परिणामबाट निराश हुनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै उहाँले भारतकी पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीको उदाहरणसमेत प्रस्तुत गर्नुभयो । "हामी एउटा मोर्चामा हारेका मात्र हौँ । सत्य हाम्रै पक्षमा छ, त्यसैले आत्मविश्वासका साथ अघि बढ्नुपर्छ," उहाँले भन्नुभयो ।

अध्यक्ष ओलीले पार्टी विरुद्ध भ्रम फैलाउने प्रयास भइरहेको उल्लेख गर्दै सूचना प्रविधिको माध्यमबाट हुने राजनीतिक प्रचारमा पार्टीलेपनिप्रभावकारी उपस्थिति देखाउनुपर्ने बताउनुभयो । पार्टीले गरेका काम र उपलब्धिलाई जनतासम्म सही ढङ्गले पुऱ्याउन नेता-कार्यकर्ताले भूमिका खेल्नुपर्ने उहाँको भनाइ थियो । उहाँले कार्यकर्तालाई आ-आफ्नो कार्यक्षेत्रमा सक्रिय भएर सङ्गठन निर्माण, जनसम्बन्ध विस्तार र अनुशासनमा ध्यान दिन निर्देशन दिनुभयो ।

**असोज मसान्तसम्म सदस्यता अभिलेखीकरण**

भर्चुअल बैठकमा महासचिव शङ्कर पोखरेलले तेस्रो केन्द्रीय कमिटी बैठकका निर्णयहरू पार्टी निर्देशिकामार्फत छिट्टै तल्लो तहसम्म पठाइने जानकारी दिनुभयो । उहाँले पार्टी सदस्यता नवीकरणको काम हाललाई रोकिएको र प्राप्त विवरणको अभिलेखीकरण असोज मसान्तसम्म पूरा गर्नुपर्ने बताउनुभयो ।

महासचिव पोखरेलका अनुसार वडा, पालिका, जिल्ला र प्रदेश तहसम्म युवालाई पार्टीसँग जोड्ने कार्यक्रम अघि बढाइनेछ ।रासस


## श्री धर्म संस्था

**(रामस्वरुप साह, रामसागर साह)**

**मिल्स एरिया, जनकपुर उपमहानगरपालिका-१, मधेस प्रदेश, नेपाल**

## कोठा वहालमा लगाउने बारे सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/१५ गते बिहिवार**

जिल्ला धनुषा जनकपुरधाम उप-महा नगरपालिका वार्ड नं. १, मिल्स एरियामा अवस्थित श्री धर्म संस्था राम स्वरूप साह राम सागर साहको नयाँ भवनमा मार्केट कम्पलेक्सको भुइँ तल्लामा सटर दक्षिन् मुखको शुभ चौक देखि स्टेशन रोडमा रहेको एक वटा सटर बहालमा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति र संघसंस्थाहरुले यस संस्थाले निर्धारण गरेको तपसिल अनुसारको न्युनतम मासिक कोठा वहाल दर रेट भन्दा बढी कबोल गरि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा सिलबन्दी टेण्डर फाराम पेश गर्ने हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोट :-**

१. संस्थाले एक वटा हाल न्युनतम मासिक वहाल रु. १२,०००.०० (बार हजार) कर बाहेक निधारण गरेको छ।
२. टेन्डरदाताले सिलबन्दी टेण्डर फाराम कार्यालय समयभित्र संस्थाबाट फिर्ता नहुने गरि रु.५०.०० (पचास) मात्रमा खरिद गर्ने सकिने छ।
३. सिलबन्दी टेण्डर फाराम फर्मको नाउँमा मात्र भर्ने पाउने छ।
४. (क) टेन्डर फाराम साथ आफुले कबोल गरेको मासिक भाडाको आधारमा तिन महिना बराबरको धरौटीको रुपमा संस्थाको एभरेष्ठ बैंक लि. को खाता नं. ०१३००१०५२००६२९ SHRI DHARMA SANSTHA, MILLS AREA–1 मा जम्मा गरि बैंक भौचर टेन्डर फाराम साथ पेश गर्नु पर्ने छ।
   (ख) टेण्डरदाताको टेण्डर स्वीकृत भएको खातामा घर कोठा बहालको सम्झौता गर्ने बेलामा पुनः तीन महिनाको वहाल रकम संस्थामा बुझाउनु पर्ने छ, यसरी ६ महिनाको वहाल रकम धरौटीको रुपमा संस्थामा जम्मा रहने छ। तर टेन्डर स्वीकृत नभएको खण्डमा प्रकरण ४ (क) अनुसार जम्मा गरिएको धरौटी रकम संस्थाले चेक मार्फत टेण्डरदातालाई संस्थाको नियमानुसार फिर्ता गर्ने छ।
५. सूचना समय भित्र आएको सिलबन्दी टेण्डर फाराम मात्र मान्य हुने छ।
६. सिलबन्दी टेण्डर फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने छ।

**तारा चन्द्र प्रसाद साह**
**(सभापति)**

# गाजामा मानवीय संकट जारी, वेस्ट ब्यांकको अवस्था चिन्ताजनक: राष्ट्रसंघ

एएफपी । मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रससङ्घका कार्यवाहक विशेष संयोजक डा रमिज अलक्बरोभले गाजा पट्टीमा खाद्यान्न आपूर्तिको प्रवेशमा केही प्रगति भए तापनि यहाँका बासिन्दाले जटिल मानवीय सङ्कटको सामना गरिरहेको चेतावनी दिनुभएको छ।

पानी, सरसफाई, आश्रयस्थल र फोहर व्यवस्थापनसम्बन्धी निरन्तरका सवाललाई औँल्याउँदै, सयका साथै श्रम बजारमा सुधारको अभावका कारण सहायता र नगद स्थानान्तरणमा उच्च निर्भरता रहेको बताउनुभएको छ।

युएनन्यूजसँगकोअन्तर्वार्तामा, अलक्बारोभले संयुक्त राष्ट्रसङ्घले गाजामा पानी, सरसफाइ, स्वास्थ्य, भग्नावशेष हटाउने, शिक्षा र किसानको समर्थनका क्षेत्रमा आफ्नो काम जारी राखेको उल्लेख गर्नुभएको छ। करिब तीन लाखभन्दा बढी बालबालिकाले अस्थायी स्थानमा शिक्षा प्राप्त गरिरहेको जनाउँदै उहाँले कृषि गतिविधिका लागि सीमितमात्रामा मात्र जमिन उपलब्ध रहेको जनाकारी दिनुभएको छ।

उहाँले प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) ले गाजामा लगाइएको प्रतिबन्धको बाबजुद पनि काम गरिरहेको बताउँदै आठ हजारभन्दा बढी मानिसहरु अझै भग्नावशेषमुनि बेपत्ता रहेको जनाउनुभयो।

अलक्बारोभले गाजाका बासिन्दाको आगामी जाडो पनि शिविरमा बिताउने नभई स्कुल र काममा फर्कने, आफ्नो समुदायको पुनर्निर्माणमा योगदान गर्ने र पानी, सरसफाई र बिजुली सेवामा पुनःपहुँच प्राप्त गर्ने इच्छा व्यक्त गर्नुभयो।

वेस्ट ब्याङ्कमा, संयुक्त राष्ट्रका संयोजकले इजरायली बस्ती गतिविधि, हिंसा, आवागमन प्रतिबन्ध र आर्थिक दबाबलाई उद्धृत गर्दै परिस्थिति अत्यधिक नाजुक रहेको वर्णन गर्नुभयो।

उहाँले संयुक्त राष्ट्रसङ्घले प्रभावित परिवार र समुदायलाई अनुदान, नगद सहायता र कानुनी सहयोग प्रदान गरिरहेको बताउनुभयो।

राजनीतिक मार्गको सन्दर्भमा, उहाँले प्यालेस्टिनी सवाललाई व्यापक रूपमा सम्बोधन गरी विश्वासको पुनर्निर्माण गर्न, हिंसालाई उक्साउन रोक्न र प्यालेस्टिनी संस्थाको एकतालाई समर्थन गर्न जोड दिँदै दुई-राज्यबीच उत्पन्न समस्याको समाधानको कुनै विकल्प नभएको पुष्टि गर्नुभयो।

# ल्याटिन अमेरिकाका लाखौँ बालबालिका एल निनोको जोखिममा: युनिसेफ

unicef
FOR EVERY CHILD

एएफपी । ल्याटिन अमेरिकाका लाखौँ बालबालिका एल निनो महासागर क्षेत्रमा बढी रहेको उष्णताको प्रकरणबाट आएको गम्भीर खडेरी र बाढीको उच्च जोखिममा रहेको संयुक्त राष्ट्रसङ्घीय बाल एजेन्सी (युनिसेफ) ले बुधबार जनाएको छ।

एल निनो एक प्राकृतिक रूपमा हुने जलवायु विषमता हो जसले भू-मध्यरेखीय प्रशान्त महासागरमा सतहको तापक्रम बढाउँछ, जसले हावा र वर्षाको ढाँचामा विश्वव्यापी परिवर्तनहरू निम्त्याउँछ।

यस वर्षको एल निनो हालसम्मको रेकर्डमा सबैभन्दा बलियो हुने अनुमान गरिएको छ। करिब दुई करोड ५८ लाख ल्याटिन अमेरिकी बालबालिका, वा हरेक सात जनामध्ये एक जना, खडेरी र बाढीबाट बढ्दो जोखिमको सामना गरिरहेको चेतावनी युनिसेफले दिएको छ। जसले यसअघि नै दक्षिण र मध्य अमेरिकामा विनाश निम्त्याइसकेको छ।

ल्याटिन अमेरिका र क्यारिबियनका लागि युनिसेफका क्षेत्रीय निर्देशक रोबर्टो बेनेसले विज्ञप्ति जारी गर्दै यसको प्रभावहरूले अझै बढी बच्चाहरूलाई गहिरो असुरक्षामा धकेल्ने र विद्यमान असमानता बढाउने खतरा रहेको छ भने प्रभाव क्षेत्रभरि फरकफरक हुन्छ।

ग्वाटेमाला, एल साल्भाडोर, होन्डुरस र निकारागुआका मध्य अमेरिकी राष्ट्रहरूमा खडेरीले असर गर्छ, जसले बालबालिकाका लागि कुपोषणको जोखिम बढाउँछ, जसले पहिले नै खाना र सुरक्षित पानीको पहुँचमा कठिनाइको सामना गरिरहेको युनिसेफले जनाएको छ।

बोलिभिया, कोलम्बिया, चिली र भेनेजुएलाका केही भागले जङ्गली आगोको बढ्दो जोखिमको सामना गरिरहेका छन्, भने अमेजन क्षेत्रमा नदीको सतह घट्दै जाँदा नदी किनारका समुदाय प्रभावित हुन सक्छन्।

युनिसेफकाअनुसार मेक्सिको र दक्षिण अमेरिकाको प्रशान्त तटमा बढ्दो वर्षाले बाढीको ठूलो जोखिम र विद्यालय र स्वास्थ्य पूर्वाधारमा क्षति पुऱ्याउनेछ।

एजेन्सीले क्युबा र हाइटीलगायतका देशहरुका लागि अझै बढी दुःखद् हुने चेतावनी पनि दिएको छ। एल निनोको प्रभाव यस वर्षको तीव्र प्रशान्त आँधीबेहरीको मौसममा पनि देखिएको जनाइएको छ।

मौसमी आँधीले व्यापक विनाश निम्त्याउनसक्ने उल्लेख गर्दै लाखौँ बालबालिकाको जीवनमा बाधा पुऱ्याउनसक्ने बेन्सले जोड दिनुभयो।

युनिसेफले ल्याटिन अमेरिकामा एल निनो आपतकालीन अवस्थाको सम्बोधन गर्नका लागि पाच करोड ३८ लाख डलरको माग गरेकामा जुन ३० सम्ममा आधा रकम मात्रै उठेको थियो।

गत वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सत्तामा फर्किएपछि अन्य संयुक्त राष्ट्रका एजेन्सीहरू जस्तै युनिसेफले पनि ठूलो रकम कटौतीको सामना गर्नुपरेको जनाइएको छ।

# नेसन्स लिगमा स्विट्जरल्याण्ड, स्पेन र इंग्ल्याण्ड विजयी



**टुडे समाचारदाता**

काठमाण्डु । युइएफए नेसन्स लिगको दोस्रो चरणअन्तर्गत मंगलबार राति भएका १० खेलमध्ये स्विट्जरल्यान्ड, स्लोभेनिया,अल्बानिया,स्लोभाकिया, आइसल्यान्ड, स्पेन र इंग्ल्यान्डले जित निकालेका छन्। तीन खेल भने बराबरीमा सकिए।

स्विट्जरल्यान्डले स्कटल्यान्डलाई ३-० ले पराजित गऱ्यो। स्कटल्यान्डका ज्याक हेन्ड्रीले १३औँ मिनेटमा रातो कार्ड पाएपछि घरेलु टोली १० खेलाडीमा सीमित भएको थियो।

स्विट्जरल्यान्डका लागि रिकार्डो रोड्रिग्वेज, निको एल्भेदी र जेक अम्दुनीले गोल गरे।

स्लोभेनियाले नर्थ म्यासेडोनियालाई २-० ले हरायो। सान्दी लोभ्रिचले ५५औँ मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाए। अल्जोसा मात्कोले ८२औँ मिनेटमा दोस्रो गोल थप्दै स्लोभेनियाको जित सुनिश्चित गरे।

अल्बानियाले सान मारिनोलाई ३-० ले पराजित गऱ्यो। आर्बर मेहमेटीले २१औँ, मिर्तो उजुनीले २७औँ र रेजी मनाजले ६५औँ मिनेटमा गोल गरे।

स्लोभाकियाले काजाकिस्तानमाथि २-१ को संघर्षपूर्ण जित निकाल्यो। लियो साउरले २६औँ मिनेटमा स्लोभाकियालाई अग्रता दिलाए। रुस्लान करीमोभले ३५औँ मिनेटमा बराबरी गोल गरे पनि डाभिड हान्कोले ८२ औँ मिनेटमा निर्णायक गोल गर्दै स्लोभाकियालाई तीन अंक दिलाए।

आइसल्यान्डले लक्जेम्बर्गलाई ३-० ले हरायो। एन्ड्री गुड्योन्सेनले १३औँ, ओरी ओस्कार्सनले ३९औँ र विक्टर पाल्सनले ७३औँ मिनेटमा गोल गरे।

मोल्डोभा र फारो आइल्यान्ड्सले १-१ को बराबरी खेले। फारो आइल्यान्ड्सका विल्जोर्मुर डेभिडसेनले २६औँ मिनेटमा पेनाल्टीमार्फत गोल गरे। मोल्डोभाका सर्जिउ पेर्चिउनले ६६औँ मिनेटमा बराबरी गोल फर्काए।

फिनल्यान्ड र बेलारुसबीचको खेल गोलरहित बराबरीमा सकियो। बुल्गेरिया र इस्टोनियाबीचको खेल पनि ०-० को बराबरीमा टुंगियो।

विश्वकप विजेता स्पेनले क्रोएसियालाई ४-१ ले हराउँदै समूह 'ए३' मा लगातार दोस्रो जित दर्ता गऱ्यो।

स्पेनका लागि लामिन यामालले दुई गोल गरे भने मार्क प्युबिल र निको विलियम्सले एक-एक गोल थपे। क्रोएसियाका डियोन बेल्जोले एक गोल फर्काए।

यामालले दोस्रो मिनेटमै गोल गर्दै स्पेनलाई अग्रता दिलाएका थिए। बेल्जोले २८औँ मिनेटमा क्रोएसियाका लागि बराबरी गोल गरे। तर, प्युबिलले पहिलो हाफको अन्त्यतिर गोल गर्दै स्पेनलाई पुनः अग्रता दिलाए।

यामालले दोस्रो हाफमा व्यक्तिगत दोस्रो गोल गरेपछि निको विलियम्सले चौथो गोल थप्दै स्पेनको जित ४-१ ले पक्का गरे।

इंग्ल्यान्डले चेकियालाई २-० ले हराउँदै समूह 'ए३' मा पहिलो जित दर्ता गऱ्यो। एन्थोनी गोर्डन र कप्तान ह्यारी केनले इंग्ल्यान्डका लागि गोल गरे।

चेकियाका पाभेल शुल्चले २३औँ मिनेटमा रातो कार्ड पाएपछि चेक टोली १० खेलाडीमा सीमित भएको थियो।

गोर्डनले दोस्रो हाफ सुरु भएको केही समयमै ट्रेन्ट एलेक्जेन्डर-आर्नोल्डको पासमा हेडमार्फत गोल गर्दै इंग्ल्यान्डलाई अग्रता दिलाए। केनले ६९औँ मिनेटमा दोस्रो गोल थपेपछि इंग्ल्यान्डले २-० को जित सुनिश्चित गऱ्यो।

# इराकबाट अमेरिकी सेना हट्दै



एएफपी । एक दशकभन्दा बढी समयपछि अमेरिकाले इराकमा आफ्नो सैन्य अभियान अन्त्य गर्दैछ। इस्लामिक स्टेटलाई पराजित गर्न महत्वपूर्ण भूमिका खेलेको गठबन्धन पछिल्ला वर्षमा इराकमा राजनीतिक तथा सुरक्षा तनाव पनि बढाएको थियो।

सन् २०१४ मा इस्लामिक स्टेट समूहले इराक र सिरियाको ठूलो भूभाग कब्जा गरेपछि त्यसविरुद्ध लड्न अमेरिकी नेतृत्वको गठबन्धन सेना दुवै देशमा पुगेका थिए। उक्त समूहले ठूलो संख्यामा मानिसको हत्या र विभिन्न हिंसात्मक गतिविधि गरेको थियो।

इराकमा इस्लामिक स्टेट सन् २०१७ र सिरियामा सन् २०१९ मा पराजित भए पनि समूहका बाँकी सदस्यविरुद्ध कारबाही गर्न गठबन्धन सेना इराकमा रहँदै आएका थिए।

इराक र अमेरिकाबीच सन् २०२४ मा गठबन्धनको सैन्य अभियान अन्त्य गर्ने सहमति भएको थियो। त्यसपछि गठबन्धनका सैनिकले देशभरका विभिन्न सैन्य आधार छाड्दै आफ्नो उपस्थिति उत्तरी कुर्दिस्तान क्षेत्रमा सीमित गरेका थिए। त्यहाँबाट पनि उनीहरूको अन्तिम फिर्ती बुधबार हुने तय गरिएको छ। इराकी सरकारले गठबन्धन सेना फिर्ता भएपछि इरानसमर्थित सशस्त्र समूहहरूले आफ्ना हतियार राखिराख्न प्रयोग गर्दै आएको कारण समाप्त हुने अपेक्षा गरेको छ।

इराकका प्रधानमन्त्री अली अल-जैदीले गठबन्धन सेना फिर्ता भएको भोलिपल्ट अर्थात् ''अक्टोबर १ लाई 'सम्प्रभुता दिवस''' का रूपमा मनाउनुपर्ने बताउनुभयो।सरकारकाकार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रमुखहरूले पनि गठबन्धनको फिर्तीले इराकको पूर्ण सम्प्रभुतातर्फको यात्रा अघि बढेको बताएका छन्।

सरकारले राज्यको नियन्त्रणबाहिर रहेका हतियारको विषय समाधान गर्नुपर्नेमा जोड दिएको छ। प्रधानमन्त्री जैदीले सशस्त्र समूहहरूले आफ्ना हतियार राज्यलाई बुझाउनुपर्ने बताउँदै आउनुभएको छ। तर केही शक्तिशाली समूहले हतियार त्याग्न अस्वीकार गरेका छन्।

ती समूहहरूले विदेशी सेना फिर्ता हुनुपर्ने मात्र नभई अमेरिकाको राजनीतिक तथा आर्थिक हस्तक्षेप पनि अन्त्य हुनुपर्ने माग राखेका छन्। शक्तिशाली सशस्त्र समूह काताइब हिज्बुल्लाहले अमेरिकी नेतृत्वको सेना फिर्ता हुनु पूर्ण राष्ट्रिय सम्प्रभुतातर्फको सुरुवात भएको बताएको छ। तर उसले सरकारविरुद्ध कडा चेतावनीसमेत दिएको छ।

इस्लामिक स्टेटविरुद्धको युद्धका क्रममा अमेरिकी नेतृत्वको गठबन्धन र इरानसमर्थित सशस्त्र समूह दुवैले एउटै शत्रुविरुद्ध लडेका थिए। तर इस्लामिक स्टेट पराजित भएपछि इराकमा विदेशी सेनाको उपस्थितिलाई लिएर दुवै पक्षबीच विवाद बढ्दै गएको थियो।

इरान र उसका समर्थित समूहहरूले अमेरिकी सेनालाई हटाउन माग गर्दै ड्रोन र क्षेप्यास्त्रबाट आक्रमण गरेका थिए। त्यसको जवाफमा अमेरिकी सेनाले पनि विभिन्न स्थानमा प्रतिकारात्मक कारबाही गरेको थियो।

यसैबीच, कुर्दिस्तान क्षेत्रको राजधानी एरबिलका बासिन्दा गठबन्धन सेना फिर्ता भएपछि ड्रोन आक्रमणबाट आफ्नो सुरक्षा कसरी हुने भन्ने विषयमा चिन्तित देखिएका छन्।

# स्लोभाकियाको आर्थिक वृद्धि बढ्ने, मुद्रास्फीति घट्ने अनुमान



एएफपी । स्लोभाकियाको अर्थतन्त्र सन् २०२६ मा शून्य दशमलव ८ प्रतिशत र सन् २०२७ मा एक दशमलव ८ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ। स्लोभाकियाको अर्थ मन्त्रालयले मंगलबार सार्वजनिक गरेको पछिल्लो आर्थिक प्रक्षेपणमा यस्तो अनुमान गरिएको हो।

अन्तर्राष्ट्रिय व्यापारमा देखिएको तनाव, ऊर्जा संकट, अमेरिकी कर तथा युरोपेली संघमा घट्दो प्रतिस्पर्धात्मकताजस्ता चुनौतीका बाबजुद अर्थतन्त्रमा सामान्य सुधार आउने मन्त्रालयले जनाएको छ।

घरायसी उपभोग र निर्यातमा सुधारले आर्थिक वृद्धिलाई सहयोग गर्ने अपेक्षा गरिएको छ। स्लोभाकियामा भोल्भोको कार कारखानामा उत्पादन विस्तार हुँदै जानुले पनि अर्थतन्त्रलाई थप बल दिने अनुमान गरिएको छ।

मुद्रास्फीति पनि घट्ने अपेक्षा गरिएको छ। यस वर्ष ३.७ प्रतिशत रहेको वार्षिक मुद्रास्फीति सन् २०२७ मा २.९ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। घरपरिवारका लागि ऊर्जा सहायता कार्यक्रमलाई निरन्तरता दिइनुले पनि मूल्यवृद्धि नियन्त्रणमा सहयोग पुग्ने मन्त्रालयले जनाएको छ।

यसैगरी, नागरिकको वास्तविक आम्दानीमा पनि सुधार आउने अपेक्षा गरिएको छ। यस वर्ष औसत नाममात्रको तलब ४.५ प्रतिशतले बढ्ने र मुद्रास्फीतिको प्रभाव समायोजन गरेपछि वास्तविक तलब अर्को वर्ष एक दशमलव ४ प्रतिशतले बढ्ने अनुमान गरिएको छ।

आर्थिक सहयोग तथा विकास संगठनले सन् २०२७ मा युरो क्षेत्रको आर्थिक वृद्धिको अनुमान एक दशमलव २ प्रतिशतबाट घटाएर एक प्रतिशतमा झारेको छ। फ्रान्स र जर्मनीको आर्थिक वृद्धि क्रमशः शून्य दशमलव ७ प्रतिशत र एक दशमलव १ प्रतिशत रहने अनुमान गरिएको छ।

# एसियाली खेलकुद: गल्फ र जुडोमा नेपालको प्रतिस्पर्धा



काठमाण्डु । बीसौँ एसियाली खेलकुदअन्तर्गत गल्फ र जुडोमा नेपालले बुधबारदेखि प्रतिस्पर्धा गर्दैछ। गल्फको पुरुषतर्फ सुवास तामाङ र राहुल विश्वकर्माले व्यक्तिगत स्ट्रोक प्ले तथा टिम स्पर्धामा प्रतिस्पर्धा गर्ने तालिका छ। यस्तै, महिला व्यक्तिगत स्ट्रोक प्लेतर्फ तारा कार्कीले नेपालको प्रतिनिधित्व गर्नेछिन्।

गल्फ टोलीका मुख्य प्रशिक्षक दीपक थापामगरले उत्कृष्ट नतिजा ल्याउने प्रतिक्रिया दिनुभएको छ। उहाँले खेलाडीले राम्रो अभ्यास पाएकाले नतिजा सकारात्मक आउनेमा विश्वस्त रहेको बताउनुभयो।

यस्तै, जुडोमा निशा श्रेष्ठ, देवकीमाया श्रेष्ठ, विशेष विक र विकास विकले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गर्नेछन्। निशाले महिला ४८ केजीमुनि, देवकीमायाले ५२ केजीमुनि तथा विशेषले पुरुष ६६ र विकासले ६० केजीमुनि तौल समूहमा प्रतिस्पर्धा गर्नेछन्।

कनोइङ स्लालमको पुरुष कायक एकलमा विजय माझी र आशिष रानामगर सेमिफाइनलमा पुगेका छन्। मङ्गलबार भएको हिट चरणमा विजयले २०२.०६ सेकेन्ड र आशिषले २११.८६ सेकेन्डको समय निकाल्दै क्रमशः १५औँ र १६औँ स्थान हासिल गरेका थिए।


## मिथिला बिहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
तारापट्टी, धनुषा
मधेश प्रदेश, नेपाल

## पूनः लिलाम बिक्री सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/१५**

प्रस्तुत विषयमा यस कार्यालयको निर्णय बमोजीम प्रथम पटक जनकपुर टुडे दैनीकमा २०८३/०६/०६ गते ७(सात) दिने "लिलाम बिक्री सम्बन्धी सूचना" प्रकाशन गरिएकोमा म्याद अवधि भीत्र लिलाम बिक्री हुन नसकेकोले नियमानुसार ७(सात) दिने "पूनः लिलाम बिक्री सम्बन्धी सूचना" प्रकाशन गरिएको छ। अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु होला।

**प्रमुख प्रशासकीय अधिकृत**



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय सबैलाको २१ दिने सुचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१५**

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक, शाखा कार्यालय मिर्चैया, सिरहा**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | पिता/पतिको नाम | बाजे/ससुरा | मिसिल न. | कर्जाको उदेश्य | सांवा रकम बांकी | २०८३।०५।३१ सम्मको ब्याज | जम्मा तिर्नु पर्ने रकम | ग्रहक नं | मोवाईल न. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुकदेव मण्डल | सबैला ०७ | चन्द्रदिप मण्डल | मौजे मण्डल | २४४७३ | घरायसी | १५००००० | ३५१०५।८६ | १५३५१०५।८६ | ५५०२५७५ | ९७०६०४१४१५ |
| २ | सुकदेव मण्डल | सबैला ०७ | चन्द्रदिप मण्डल | मौजे मण्डल | २४४७३ | सरल कृषि कर्जा | ५००००० | २४०३।५६ | ५०२४०३।५६ | ५५०२५७५ | ९७०६०४१४१५ |
| ३ | जगतारनी देवी | गणेशमान चारनाथ ०२ | देव शरण राउत | बेचन राउत | २४२८७ | सरल कृषि कर्जा | ९००००० | २८४२४ | ९२८४२४ | ५१९३०४० | ९८०७८४०८१२ |
| ४ | जय कुमार यादव | सबैला ११ | हेमलाल यादव | बतहु यादव | २४३४८ | सरल कृषि कर्जा | १०००००० | १९६१३।८७ | १०१९६१३।८७ | ५३७६६४६ | ९८१६८२२३१५ |
| ५ | कारी यादव | मखनाहा ०४ | फौदी राउत | मनोग यादव | ४८३० | सरल कृषि कर्जा | ९००००० | १८०००।३१ | ९१८०००।३१ | ९८७४४५ | |
| ६ | ललिता देवी | भूतही पटेर्वा ०४ | राजेश्वर मण्डल | देवलाल मण्डल | २४०२४ | सरल कृषि कर्जा | ६००००० | १०९३६।६२ | ६१०९३६।६२ | १७११७०७ | ९८१४८०२५८३ |
| ७ | हरि नारायण यादव | डुमरीया ०९ | शिव नारायण यादव | महन्थी यादव | २४४५६ | सरल कृषि कर्जा | १४००००० | ४३८२७८५ | १४४३८२७८५ | ५४९६६३६ | ९८४४०२४९४० |
| ८ | मूखिया माछा फार्म प्रा.लि.प्रो कन्हैया मूखिया | शहिदनगर न.पा. ०४ | बौए लाल मूखिया | दूखरन मूखिया | २४५८२ | सहुलियत कर्जा | १२०००००० | १४०३३७७४४ | १३४०३३७७४४ | १७३९७३० | ९८५४०२८९८० |
| ९ | मूखिया माछा फार्म प्रा.लि.प्रो कन्हैया मूखिया | शहिदनगर न.पा. ०४ | बौए लाल मूखिया | दूखरन मूखिया | २४५८२ | सहुलियत कर्जा (स्थीर) | ६५५०७१६।४२ | ५०५८७५।३४ | ७०५६५९१।७६ | १७३९७३० | ९८५४०२८९८० |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुर**

# दुई जिल्ला जोड्ने सुनकोशी पुल छ वर्षदेखि अलपत्र



काभ्रेपलाञ्चोक । निर्माण व्यवसायीले तोकिएको समयमा काम सम्पन्न नगर्दा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जोड्ने चेहेरेस्थित सुनकोशी नदीमा निर्माणाधीन पक्की पुल छ वर्षदेखि अलपत्र अवस्थामा छ।

काभ्रेपलाञ्चोकका कोशीपूर्वस्थित भुम्लु गाउँपालिकाका विभिन्न वडा तथा बस्तीमा सडक पहुँच पुर्याउने उद्देश्यले २०७७ भदौमा पुल निर्माणको सम्झौता गरिएको थियो। निर्माण व्यवसायीले पुलको काम समयमा नगर्दा भुम्लुका नागरिकले सास्ती खेप्नु परेको छ। पुल निर्माणका लागि सडक विभाग र अमर कन्स्ट्रक्सनबीच २०७७ साल भदौ १० गते सम्झौता भएको थियो।

तीन वर्ष अर्थात् विसं २०८० जेठ २ गतेसम्म पुल निर्माणको काम सम्पन्न गर्नुपर्ने थियो। निर्माण व्यवसायीले काममा आलटाल गरेका कारण पुल निर्माणको काम अलपत्र अवस्थामा रहेको हो।

विभागका इन्जिनियर निरोज महर्जनका अनुसार पुल निर्माणको ठेक्का पाएको निर्माण कम्पनीले विभिन्न बहाना गर्दै आएको स्थानीयले गुनासो गरेका छन्। समयसीमाभित्र काम नगरेपछि पछिल्लो पटक २०८१ वैशाख २० गते विभागीय निर्णयानुसार २३ महिना २५ दिन म्याद थप गरिएको थियो। निर्माण व्यवसायीले थपिएको समयमा पनि काम नगरेको महर्जनले बताउनुभयो।

पुल निर्माणका लागि मूल्य अभिवृद्धि कर (भ्याट) सहित रु ११ करोड सात लाख ४२ हजार २०० मा ठेक्का सम्झौता भएको थियो। हालसम्म पुलको तीन वटा पिल्लर उठाउनाका साथै काभ्रेपलाञ्चोकतर्फ एउटा स्पान तयार भएको छ।

भुम्लु गाउँपालिका-१ का वडाध्यक्ष लेखबहादुर श्रेष्ठ निर्माणाधीन पुलको काम सम्पन्न नहुँदा नागरिकले निकै सास्ती खेप्नु परेको बताउनुहुन्छ। "पुल नबन्दा यहाँका नागरिकले १५ किलोमिटर बढी सडकको यात्रा गर्नुपर्ने बाध्यता छ, पुल बन्दा चार किमी मात्रै हिँडे पुग्छ", उहाँले भन्नुभयो।रासस

# बजाज पल्सर एनएस सिरिजको ब्रान्ड एम्बेसडरमा रविन्द्र ढाँट

टुडे समाचारदाता




काठमाण्डु । बजाजले आफ्नो लोकप्रिय पल्सर एनएस सिरिजका लागि रविन्द्र ढाँटलाई ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ। शक्ति, तीव्रता र आत्मविश्वासका लागि परिचित ढाँटसँगको यो सहकार्यले पल्सर एनएसको प्रदर्शनमुखी पहिचानलाई थप बलियो बनाउने उद्देश्य राखेको कम्पनीले जनाएको छ।

'रपावर मिट्स र पावर' भन्ने मूलअवधारणामा आधारित यो सहकार्यले रविन्द्र ढाँटको व्यक्तित्व र पल्सरको आक्रामक प्रदर्शनबीचको समानतालाई प्रस्तुत गर्नेछ । ढाँटको शक्ति, तीव्रता र प्रभावशाली व्यक्तित्व पल्सरको पावर, प्रदर्शन र मस्कुलर स्ट्रिटफाइटर डिजाइनसँग मेल खाने कम्पनीको भनाइ छ।

पल्सरलाई शक्ति, प्रदर्शन र आक्रामक राइडिङ चरित्रकालागि परिचित मोटरसाइकलका रूपमा स्थापित गर्दै आएको बजाजले ढाँटसँगको सहकार्यबाट यही पहिचानलाई अझ प्रभावकारी रूपमा प्रस्तुत गर्ने जनाएको छ। यस सहकार्यले विशेषगरी युवा तथा प्रदर्शनमुखी मोटरसाइकलप्रति रुचि राख्ने राइडरहरूसँग ब्रान्डको सम्बन्ध थप बलियो बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

रविन्द्र ढाँट अब पल्सर एनएसका विभिन्न ब्रान्ड कम्युनिकेसन, अभियान तथा उपभोक्ता संलग्नताका गतिविधिमा देखिनेछन् । यसमार्फत पल्सरका उत्पादनका विशेषता र प्राविधिक पक्षसँगै शक्ति, आत्मविश्वास, प्रदर्शन र बोल्ड एटिच्युडलाई पनिथपप्रभावकारी रूपमा प्रस्तुत गरिने कम्पनीले जनाएको छ।

बजाजका अनुसार, रविन्द्र ढाँट र पल्सरबीचको सहकार्य दुई फरक पहिचानलाई एउटै भावनामा जोड्ने प्रयास हो। दुवैको केन्द्रमा रहेको शक्ति र प्रदर्शनको भावनाले पल्सरको व्यक्तित्वलाई अझ स्पष्ट र विशिष्ट बनाउन सहयोग गर्ने कम्पनीको विश्वास छ।

पल्सरर रविन्द्र ढाँटसँग सम्बन्धित आगामी अभियानतथा सामग्रीका लागि ग्राहकहरूले बजाज नेपालको आधिकारिक सामाजिक सञ्जाल तथा अन्य सञ्चार माध्यमहरू हेर्न सक्नेछन् । साथै, पल्सरका बारेमा थप जानकारीका लागि नजिकैको बजाज शोरुममा सम्पर्क गर्न सकिने कम्पनीले उल्लेख गरेको छ।

# वैदेशिक रोजगारीलाई जितेको गोलभैंडाखेती

सर्लाही । हरिवन नगरपालिका-४ सासापुर निवासी महमद अकबर अन्सारी पछिल्ला दिन गोलभैंडा (टमाटर) बारीमा व्यस्त हुनुहुन्छ। उमेरले चार दशक लाग्नुभएका उहाँका लागि खेतीपाती दैनिकी गुजार्ने माध्यममात्र होइन, उन्नति गर्ने उद्यम बनेको छ।

मङ्गलबार दिउँसो अन्सारी हरिवन नगरपालिका-२ पाकरगाछी नजिकै खेतमा धमाधम टमाटरको विछ्न राख्ने तयारी गर्दै हुनुहुन्थ्यो। यस वर्ष उहाँले सात बिघा खेतमा टमाटर रोप्ने बताउनुभयो। त्यसमध्ये तीन बिघा खेतमा उहाँले दुईपटक गरेर गोलभैंडाको बेर्ना सारिसक्नुभएको छ। बाँकी दुई बिघा खेतका लागि टनेलमा बेर्ना तयारी अवस्थामा छन् भने बाँकी दुई बिघा खेतका लागि बीज राख्ने काम धमाधम भइरहेको छ।

उहाँले अधिकांश खेतमा 'कविता' जातको गोलभैंडा लगाउने बताउनुभयो। यस जातको टमाटरको माग बजार उच्च छ, अन्यले अन्य जातको पनि लगाउनुहुन्छ, तर मलाई यही जात राम्रो लाग्छ। विगत आठ वर्षदेखि गोलभैंडाखेतीलाई आफूले



उद्यमका रुपमा अँगालेको अन्सारीले बताउनुभयो। जोखिमको खेती भए पनि अहिलेसम्म लगानी डुब्यो भनेर चिन्ता गर्नुपर्ने दिन आएको छैन।

भदौ सुरुबाट गोलभैंडाको विछ्न राख्न सुरु गरिन्छ। बेर्ना २५ देखि ३० दिनको भएपछि तयार गरिराखेको खेतमा लगेर बेर्ना सारिन्छ। त्यसको ३० देखि ४५ दिनबाट गोलभैंडाले उत्पादन दिन सुरु गर्ने अन्सारीले बताउनुभयो। कच्चा पदार्थका रूपमा रहने गोलभैंडा छोटो समयमा सड्ने भएकाले किसानले राम्रो मूल्य नपाउने उहाँको अनुभव छ। त्यसमा पनि विगतका वर्ष नेपाल-भारत खुला सीमाबाट निर्वाध गोलभैंडा आउँदा यहाँका किसान थप मारमा परेका थिए।

गत वर्षदेखि भारतबाट गोलभैंडा भित्रने क्रम रोकिएको छ। योसँगै स्थानीय उत्पादनले राम्रो मूल्य पाएको अन्सारीले जानकारीदिनुभयो। अन्सारीसँग मात्र पाँच कट्ठा खेत छ। उहाँले हरेक वर्ष ठेक्कामा खेत लिएर गोलभैंडा रोप्ने गर्नुहुन्छ। प्रतिबिघा खेतको भाडा वर्षको रु ६० हजार तिर्नुपर्छ। त्यसमा हरेक वर्ष वर्षामा मकै र बाँकी समय गोलभैंडा र हरियो तरकारी लगाउने गरेको उहाँले बताउनुभयो।

गोलभैंडा तथा हरियो तरकारीखेतीमा मिहिनेत धेरै भए पनि दुःखअनुसारको आम्दानी रहेको उहाँको अनुभव छ। गत वर्ष १० बिघा खेतमा गोलभैंडाखेती गर्नुभएको उहाँले ७५ लाख बढीको उत्पादन लिएको बताउनुभयो।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. मिर्चैया शाखाको २१ दिने सुचना

सूचना प्रकाशित मिति : २०८३/०६/१५

तपशिल बमोजिमका कर्जा ग्राहकहरुले तमसूकमा लेखिऐको शर्त पालना नगरी सम्वन्धीत कार्यालयबाट विभिन्न समयमा तर ताकेदा गर्दा पनि समयमा बुझाउनुपर्ने साँवा र व्याज नबुझाई शर्त उल्लघन गरेकोले निज संग लिनुपर्ने २०८३ असोज मसान्त सम्मको सम्पुर्ण लेना रकम असुल हुनेगरी तपाईको धितो परियोजना बैंक तथा वित्तय संस्था ऐन २०६३ तथा बैंकको कर्जा असुली कार्यविधि २०७७ परिछेद ३ को दफा ७ को (क) एंव अन्य प्रचलीत कार्य विधि अनुसार बैंकको नियमानुसार २१ दिने सुचना प्रकाशित गरीएको छ। अतः २१ दिन भित्र आफनो कर्जा बुझाउनुहुन अनुरोध छ।

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक, शाखा कार्यालय मिर्चैया, सिरहा**

| क्र. सं. | नाम | ग्राहक नम्वर | मिसिल नं. | ठेगाना | बुवा/पति | बाजे/ससूरा | उदेश्य | साबा रकम | व्याज रकम २०८०/०५/३१ सम्मको | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हरिदेव मण्डल | १०६७४२५ | ७९४१ | रामपुर विर्ता-७ | राम भरोश मण्डल | गणपति मण्डल | घरायसी | ७७०००० | ११८५५०० | १९५५००० |
| २ | नन्दनी जेनरल सपलायर्स (प्रो.कृष्ण कुमार यादब) | ६४२१३६ | ५५१६ | नरहा ४ | रामअशिष यादब | दुखरण यादब | ओ.डी. | ४०००००० | १३०५६२० | ५३०५६२० |
| ३ | गुरु शरण यादब | ६४२७८१ | ७८६४ | नरहा ४ | रामअशिष यादब | दुखरण यादब | कृषि ब्याबसाय | ९७७००० | ११३३१२ | १०९०३१२ |
| ४ | रामअशिष यादब | ६४२१३८ | ५४५४ | नरहा ४ | दुखरण यादब | फेकु यादब | कृषि ब्याबसाय | १०००००० | १०५६९१ | ११०५६९१ |
| ५ | नुरेजा खातुन | १६४५८१७ | ८१४० | कर्जन्हा १०, सिरहा | पति शेख सैदर | ससुरा गफुर सैख | सरल कृषि कर्जा | ९९५००० | ६३४३५ | १०५८४३५ |
| ६ | हरिओम जनरल स्टोर (सत्य नारायण यादव) | ६४१९२० | ५९३२ | नरहा-१ | अजिकरुद यादव | | व्यापार | ४६५०००० | ७६१२१० | ५४११२१० |
| ७ | कमला देवी साह | ६४२८३४ | ७९०१ | कर्जन्हा ८ | पतिः सिताराम | ससुरा : बिसुन | घरायसी | ६००००० | ३५६७६ | ६३५६७६ |
| ८ | अनिस शाह | १६८२५७६ | ८१४५ | चन्द्र अयोध्यापुर ४ | गफार साह | हमीद साह | सरल कृषि कर्जा | ७००००० | ५५२९० | ७५५२९० |
| ९ | लक्ष्मी कुमारी यादव | ६४२८०७ | ८१४५ | डुमरी-७ | हृदय यादव | राम प्रसाद यादव | कृषि ब्याबसाय | ३५०००० | २३५२९५ | ५८५२९५ |
| १० | सरोज कुमार राय | ११५११११९ | ५९४१ | मिर्चैया ६ | राम प्रसाद | बैजनाथ | ओ.डी. र कृषि | ३०००००० | ५२८३६८ | ३५२८३६८ |
| ११ | धिरज किराना पसल ( प्रो. हरी ठाकुर ) | ११५६८०७ | ८०६० | मिर्चैया ५ | लक्ष्मी | समरीत | ब्यापार | ४०००००० | १९६३३६ | ४१९६३३६ |
| १२ | राम विलास साह तेली | ६४२५६६ | ४८४८ | नरहा ५ सिरहा | देव नाथ यादव | भगवान यादव | सरल कृषि कर्जा | ८००००० | १०४०००० | १८४०००० |
| १३ | शिव कृषि तथा पशुपालन फर्म (प्रो.शान्ती देवी साह) | ३०३०३५९ | ८२८२ | परचिलवा १० | पति : राम लखन साह | बासुदेब साह | कृषि ब्याबसाय | १०००००० | १३५८३० | ११३५८३० |
| १५ | अविष्कार ट्रेडर्स | ६४२६६३ | ७७६६ | नरहा-९ | ब्रहमदेव यादव | | ओ.डी. र व्यापार | २४००००० | १७५३६७ | २५७५३६७ |
| १६ | श्री महावीर अटो मोवाइल ट्रेड ( प्रो दिलीप कुमार साह ) | ६४२५९२ | ७७१९ | मिर्चैया न.पा. ५ | महावीर साह | मखन साह | व्यापार | ४०००००० | ५५५५७० | ४५५५५७० |
| १७ | सुर्यनाथ यादव | ६४२०९८ | १०९४ | नरहा-९ | कमल यादव | रामरुप यादव | सरल कृषि कर्जा | १०००००० | ७७६३९ | १०७७६३९ |
| १८ | हंशलाल यादव | ६४२२३३ | ८३९७ | नरहा-५ | अबधी यादव | गोपी यादव | सरल कृषि कर्जा | ७५०००० | ७७३०२ | ८२७३०२ |
| १९ | कोशिला धुरझार | ११३६५६६ | ८०४५ | मिर्चैया-३,सिस्वोनी | विशेश्वर धुरझार | फिरंगी धुरझार | घरायसी | ५००००० | २७५२४ | ५२७५२४ |
| २० | विनोद कुमार यादव | ६४२६७६ | ७७७६ | बर्छावा-७ | राम एकवाल यादव | हिरा यादव | सरल कृषि कर्जा | ४००००० | १९९१२ | ४१९९१२ |
| २१ | देवनाथ यादव | ६४१९१९ | ७१४१ | नरहा-५ | सुनर यादव | | सरल कृषि कर्जा | १२०००० | ९८२६ | १२९८२६ |
| २२ | राज कुमार यादव | ६४२५७२ | ७७०१ | राघोपुर-६ | जय नारायण यादव | बेचन धुरझार | सरल कृषि कर्जा | १२०००० | १०५१५ | १३०५१५ |
| २३ | नारायण यादव | ६४१९३९ | ७४०२ | फुलबरिया-१ | भोलइ यादव | हिरय यादव | सरल कृषि कर्जा | ९९००० | ८२७१ | १०७२७१ |
| २४ | प्रमिला कुमारी | ६४३३८५ | ८३८१ | नरहा-१ | कृष्ण देव यादव | हिरा यादव | सरल कृषि कर्जा | ८००००० | ३२२४२ | ८३२२४२ |
| २५ | नागेन्द्र यादव | ६४२७५४ | ७८४० | नरहा-८ | जुगेश्वर यादव | मनरुप यादव | सरल कृषि कर्जा | ३००००० | १७३६५ | ३१७३६५ |
| २६ | रेखा देवी यादव | ३०४८८४८ | ८३०३ | नरहा गा.पा.-५ | राम पुकार यादव | हजारीलाल यादव | सरल कृषि कर्जा | ७३४१३२ | ३८४४५ | ७७२५७७ |
| २७ | श्री लक्ष्मी इलेक्ट्रीकल ( धर्मेन्द्र मण्डल ) | ३०२७९८४ | ८२४२ | मिर्चैया न.पा. ९ | प्रमोद कुमार मण्डल | राम आशिष मण्डल | व्यापार | १९२५६४२ | ९२८७५ | २०१८५१७ |
| २८ | एस.एम कृषि तथा पशु फर्म ( अस्मिता कुमारी महतो ) | ३०३७५९१ | ८२४९ | मिर्चैया न.पा. ९ | सुरेश कुमार महतो | सबुरी महतो | पशुपालन | १३३९०२४ | ६५३९८ | १४०४४२२ |
| २९ | प्रमोद कुमार मण्डल | ३०३८९८४ | ८२५४ | मिर्चैया न.पा.-९ | राम अशिष मण्डल | जयलाल मण्डल | सरल कृषि कर्जा | ६६६६६७ | ५१८०९ | ७१८४७६ |
| ३० | भगवती उधोग ट्रेनिङ सेन्टर | ३०५१७९४ | ८३१४ | फुलबरिया-७ | चन्द्रबहादुर खपांगी | बुदिमान खपांगी | व्यापार | १६८२९२६ | ९६९१४ | १७७९८४० |
| ३१ | इनदर कुमारी | ५६००७४६ | ८४८३ | नरहा गा.पा.-४ | मनोज यादव | पिता : निरंजन यादव | सरल कृषि कर्जा | ७१२६०५ | ४२३६६ | ७५४९७१ |
| ३२ | दिप नारायण राय कुर्मी | ६४३५१८ | ८२१३ | मिर्चैया न.पा. -९ | राम दयाल राय कुर्मी | सहदेव राय | सरल कृषि कर्जा | ५००००० | ५०५१८ | ५५०५१८ |
| ३३ | धनेश्वरी देवी पासमान | ५४५२५२७ | ८४२८ | कर्जन्हा न.पा.-८, गौतारी | बमर पासमान | कन्तु पासमान | सरल कृषि कर्जा | १३००००० | ४०१८२ | १३४०१८२ |
| ३४ | हरदेव यादव | १६८४५२० | ८३४२ | कर्जन्हा -११ | राम असिश यादव | राज कुमार यादव | सरल कृषि कर्जा | १७००००० | ५४३५० | १७५४३५० |
| ३५ | सत्य नारायण महतो | १७३९३३२ | ८१७७ | नरहा गा.पा.-५ | श्री कटन महतो | सोनाई महतो | सरल कृषि कर्जा | ९५०००० | ३२४३० | ९८२४३० |
| ३६ | यादव कृषि तथा पशुपालन फर्म ( अनिता कुमारी ) | ३०६०४०१ | ८३३८ | कल्याणपुर न.पा.-१० | रामबाबु यादव | तुलसी यादव | कृषि उत्पादन कर्जा | २७३१७०७ | ११६२९७ | २८४८००४ |
| ३७ | बैजनाथ साह सुडी | ६४२०५३ | ८३४३ | मिर्चैया -६, मटियर्वा | राम टहल साह सुडी | बेचन साह सुडी | सरल कृषि कर्जा | १७५०००० | ४५१७० | १७९५१७० |
| ३८ | शिव शक्ति डेरी उधोग (सुरेखा देवी यादव ) | ३०६६१३८ | ८३७१ | कल्याणपुर न.पा.-९ | संजीव कुमार यादव | पौधारी यादव | व्यापार | २९००००० | ९२५२३ | २९९२५२३ |
| ३९ | मन्दीरा देवी श्रेष्ठ | १३०३९४५ | ८२१० | मिर्चैया -७,फुलबरिया | सुकवीर श्रेष्ठ | किसुनलाल जोशी | कृषि उत्पादन कर्जा | ८००००० | ४५३८९ | ८४५३८९ |
| ४० | बरमु कुमर दनुवार | ५४४०२५८ | ८४२० | कर्जन्हा-१, बल्टीया | बौका कुमर दनुवार | हकरु कुमर | सरल कृषि कर्जा | ६५०००० | १९५७९ | ६६९५७९ |
| ४१ | वीरेन्द्र कुमार महरा | १९३९८४७ | ८१९४ | कर्जन्हा-९ | अजब लाल महरा | राम प्रसाद महरा | रोजगार कर्जा | १०००००० | ४२११६ | १०४२११६ |
| ४२ | सोनिता देवी यादव | ३०६२९७९ | ८३७७ | इटारी प्रसाही-४ | राजवीर यादव | भुन्टे यादव | सरल कृषि कर्जा | ६५०००० | २१५२० | ६७१५२० |
| ४३ | विष्णु पशु माछा तथा कृषि फर्म(शत्रुधन प्रसाद यादव ) | १७८००२६ | ८१८५ | नरहा-५ | विष्णु यादव | इनद्र नारायण यादव | पशुपालन कर्जा | २०००००० | ६५७७० | २०६५७७० |
| ४४ | नेबी सहयोगी यादव | ६४२८७२ | ७४१७ | रामनगर -८ | छोरा : जिवछ यादव | | घरायसी | ३१८४० | २९५० | ३४७९० |
| ४५ | निर्सि देवी यादव | ६४२०१५ | ७४१२ | नरहा-१ | बुबा : जिमदार यादव | छोरा : रामबच्चन यादव | ओ.डी. कर्जा | ९५०००० | ६१०९०९ | १५६०९०९ |
| ४६ | राम प्रकाश सहनी मलाह | ५५४७९७४ | ८४७३ | मिर्चैया -१२,सिक्रौन | भगलु सहनी | सैनिया सहनी | सरल कृषि कर्जा | ७५१६५३ | ४११७९ | ७९२८३२ |
| | | | | | | | जम्मा | ५९३५७१९६ | ८४६७७८५ | ६७८२४४८१ |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०६/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
२०८३/०६/२९ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी

**बोलपत्र खोलिने मिति/समय**
२०८३/०६/३० गते, शुक्रबार दिनको ३ बजे

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| १. | नाम : उसमान मोक्तान<br>ना.प्र.नं. १८३०६३/६३९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/१९<br>बाबुको नाम : सिंग बहादुर मुक्तान<br>बाजेको नाम : लछुमन मोक्तान तामाङ्ग<br>ठेगाना : महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १३ | नाम : अन्सीला कुमारी<br>ना.प्र.नं. १८३०६३ /७२९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/१९<br>पतिको नाम : उसमान मोक्तान<br>ससुराको नाम : सिंग बहादुर मुक्तान<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १३ |
| | धितोको विवरण | |
| | उसमान मोक्तानको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. ६ ख स्थित कित्ता नं. ३२७ को क्षेत्रफल ०-७-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# गुठीको कारण ज्ञानकूप विद्यालयको ६ करोड बजेट फिर्ता हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । गुठी संस्थानसँग जग्गा स्वामित्वको विवादले जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयको संघीय सरकारले भौतिक पूर्वाधार निर्माणका लागि उपलब्ध गराउने भनिएको ६ करोड रुपैयाँ बजेट कार्यान्वयनमा समस्या उत्पन्न भएको बताइएको छ।

विद्यालयसँग जग्गासम्बन्धी पुराना अभिलेख तथा निर्णयहरू रहेपनि जग्गाधनी प्रमाणपुर्जा विद्यालयको नाममा नरहेका कारण बजेट कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढ्न नसकेको विद्यालयका प्रधानाध्यापक सञ्जय झाले बताएका छन्।

विद्यालयको जग्गासम्बन्धी पुराना श्रेस्ता, अभिलेख तथा निर्णयहरू सुरक्षित छन् । तर जग्गाको स्वामित्वसम्बन्धी समस्या समाधान नभए विद्यालयका लागि छुट्याइएको बजेट नै गुम्ने जोखिम बढेको उनको भनाई छ।

बुधवार पत्रकारहरुसँग कुरा गर्दै प्रअ झाले ती कागजातका आधारमा विद्यालयको नाममा जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने प्रक्रिया अघि बढाउन गुठी संस्थानसँग पटकपटक आग्रह गरिए पनि अपेक्षित रूपमा प्रक्रिया अगाडि बढ्न नसकेको बताए।

'विद्यालयसँग लालपुर्जा नभए पनि जग्गासम्बन्धी पुराना अभिलेख र निर्णयहरू छन् । त्यसैका आधारमा विद्यालयको नाममा जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने प्रक्रिया अघि बढाउन गुठी संस्थानसँग पटकपटक आग्रह गरेका छौं,' प्रधानाध्यापक झाले भने, 'तर, सम्बन्धित कार्यालयबाट आवश्यक प्रक्रिया अघि नबढ्दा समस्या यथावत् छ।'

प्रधानाध्यापक झाका अनुसार पुराना अभिलेखमा विद्यालयलाई जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने विषय उल्लेख गरिएको छ । सोही आधारमा गुठी संस्थानले मालपोत कार्यालयसँग आवश्यक पत्राचार गरेपछि आवश्यक कागजात जुटाउने र प्रक्रिया पूरा गर्ने प्रयास गर्दै आएका थिए।

तर, गुठी संस्थान र मालपोत कार्यालयबीचको पत्राचार, आवश्यक कागजात तथा प्रक्रियागत विषयमा देखिएको जालझेलका कारण विद्यालयको जग्गाको स्वामित्वसम्बन्धी समस्या समाधान हुन नसक्दा बजेट नै फिर्ता हुने अवस्था श्रृजना भएको उनको भनाई छ।

उनका अनुसार बजेट प्राप्त गरेका अन्य विद्यालयमा भौतिक संरचना निर्माणका लागि टेन्डर प्रक्रिया अगाडि बढिसकेको छ। तर, याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयको हकमा जग्गाको स्वामित्वसम्बन्धी कागजात नै स्पष्ट हुन नसकेपछि निर्माण सम्बन्धी टेन्डर प्रक्रिया अघि बढाउन कठिनाइ भएको छ।

विद्यालयमा हाल २ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको बताइएको छ। विद्यार्थीको संख्या ठूलो भए पनि विद्यालयको भौतिक पूर्वाधार भने आवश्यकताअनुसार पर्याप्त नभएको विद्यालय प्रशासनको भनाइ छ।

जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले समेत विद्यालयको जग्गाको लालपुर्जा उपलब्ध गराउने विषयमा गुठी संस्थानको भूमिकामाथि प्रश्न उठाएका छन्।

उनले पुराना श्रेस्तामा उक्त जग्गाको स्वामित्व विद्यालयकै नाममा रहेको देखिए पनि गुठी संस्थानले विद्यालयको नाममा लालपुर्जा उपलब्ध गराउने प्रक्रियालाई निकास दिन नसक्नु दुःखद भएको बताए।

# 'मुलुक सुगौली सन्धि यताकै गम्भीर संकटबाट गुज्रिरहेको छ'




**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुक सुगौली सन्धियताकै गम्भीर राष्ट्रिय संकट र असाधारण राजनीतिक परिस्थितिबाट गुज्रिरहेको बताएका छन्।

पर्साको वीरगञ्जमा बुधबार आयोजित पार्टी एकता समायोजन, शपथ ग्रहण तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले वैदेशिक शक्ति केन्द्रहरूको प्रभाव र सरकारका स्वेच्छाचारी कदमविरुद्ध वामपन्थी तथा देशभक्त शक्तिहरू एकजुट हुनुपर्ने बताएका छन्।

संयोजक प्रचण्डले सडक, सदन र आगामी निर्वाचनलाई संघर्षका मुख्य मोर्चाका रूपमा उपयोग गर्दै निर्णायक राजनीतिक संघर्षमा उत्रिनुपर्नेमा जोड दिए।

विगतका राजनीतिक घटनाक्रम, गणतन्त्र र संविधानको रक्षा तथा कम्युनिस्ट आन्दोलनको अवस्थाबारे चर्चा गर्दै प्रचण्डले वर्तमान सरकार विदेशी शक्तिको प्रभावमा चलेको आरोप लगाए। नेपाली जनताको हातबाट राजनीतिक नेतृत्व र निर्णय गर्ने अधिकार क्रमशः उम्किने खतरा बढेको उनले दाबी गरे।

'सुगौली सन्धियता यति ठूलो राष्ट्रिय संकट कहिल्यै देखिएको थिएन,' संयोजक प्रचण्डले भने, 'देशमा प्रतिक्रान्तिको हावा चलाउने र जनताले प्राप्त गरेका अधिकार खोस्ने षड्यन्त्र भइरहेको छ।'

उनले संविधान र गणतन्त्रको रक्षा अहिले पनि प्रमुख चुनौतीका रूपमा रहेको बताए। विगतमा संविधान र गणतन्त्र जोगाउन आफूहरूले मध्यरातिसम्म संघर्ष गरेको स्मरण गर्दै उनले अहिले पनि मुलुकमा 'खतराको घण्टी' बजिरहेको टिप्पणी गरे।

'संविधान र गणतन्त्र जोगाउन हामीले हिजो पनि मध्यरातिसम्म संघर्ष गरेका थियौँ, आज पनि खतराको घण्टी बजिरहेको छ,' उनले भने।

प्रचण्डले वीरगञ्ज र समग्र मधेश क्षेत्रको राजनीतिक तथा ऐतिहासिक योगदानको पनि चर्चा गरे। २००७ सालको राणाविरोधी हतियारबद्ध संघर्ष, २०१२ सालको किसान विद्रोह तथा २०३६ सालका आन्दोलनमा मधेस क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ थियो।

मधेशका जनता विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनका अग्रणी रहेको उल्लेख गर्दै उनले वर्तमान राजनीतिक परिस्थिति र सामाजिक अन्यायविरुद्ध पनि मधेसका जनता पुनः संगठित हुनुपर्ने बताए।

'मधेशसका जनता क्रान्तिकारी आन्दोलनका उत्तराधिकारी हुन्,' प्रचण्डले भने, 'अहिलेको निरंकुशता र सामाजिक अन्यायविरुद्ध फेरि एकपटक एकजुट भएर जाग्नुपर्ने समय आएको छ।'

नयाँ राजनीतिक दल तथा जनप्रतिनिधिप्रति पनि प्रचण्डले आलोचनात्मक टिप्पणी गरे। विचार, सिद्धान्त र राजनीतिक इतिहासभन्दा सामाजिक सञ्जालको भ्रम तथा नकारात्मक प्रचारका आधारमा जनतालाई प्रभावित पार्ने प्रवृत्ति बढेको उनको आरोप थियो।

> "मधेशसका जनता क्रान्तिकारी आन्दोलनका उत्तराधिकारी हुन्," प्रचण्डले भने, "अहिलेको निरंकुशता र सामाजिक अन्यायविरुद्ध फेरि एकपटक एकजुट भएर जाग्नुपर्ने समय आएको छ ।"
>
> \- प्रचण्ड

सामाजिक सञ्जालको एल्गोरिदमले जनमतलाई प्रभावित पारिरहेको दाबी गर्दै उनले आफ्नो पार्टी र विगतका सरकारले गरेका जनपक्षीय काम जनतासम्म प्रभावकारी रूपमा पुऱ्याउन नसक्दा भ्रम सिर्जना भएको बताए।

'सोसल मिडियाको एल्गोरिदमले जनतालाई अफीमको नशाजस्तै बनाएको छ,' उनले भने, 'हामीले गरेका जनपक्षीय काम, पूर्वाधार विकास र सामाजिक न्यायका मुद्दालाई जनतामाझ सही ढंगले लैजान नसक्दा भ्रम पैदा भएको हो।'

उनले वर्तमान सरकारमाथि सुकुम्बासीमाथि बल प्रयोग र डोजर चलाउनेदेखि तराई-मधेसका साना व्यापारी तथा किसानमाथि करको भार थप्ने काम गरेको आरोप लगाए।

सरकारमा आएलगत्तै दुई-तिहाइको घमण्ड देखाउँदै जनताका समस्या समाधान गर्नुभन्दा बल प्रयोग र दमनको बाटो रोजिएको उनको दाबी थियो। विधि र प्रक्रिया मिचेर रातारात गिरफ्तारी गर्ने तथा नागरिकका लोकतान्त्रिक अधिकार सीमित गर्ने प्रयास भइरहेको आरोपसमेत उनले लगाए।

कार्यक्रममा नेकपाका सह-संयोजक माधवकुमार नेपालले पर्सा जिल्ला नेपालको आर्थिक तथा रणनीतिक दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र भएको बताए। भारतसँग जोडिएको मुख्य व्यापारिक नाका, प्रस्तावित निजगढ अन्तर ाष्ट्रिय विमानस्थल तथा काठमाडौं-तराई द्रुतमार्ग (फास्ट ट्र्याक) जस्ता राष्ट्रिय महत्वका पूर्वाधारसँग पर्साको प्रत्यक्ष सम्बन्ध रहेको उनले बताए।

पर्साको भौगोलिक तथा आर्थिक महत्त्वका कारण यहाँ पार्टी संगठनलाई थप सुदृढ र प्रभावकारी बनाउनुपर्ने नेपालले बताए। क्रान्तिकारी विचार र नीतिलाई आत्मसात् गर्दै अनुशासित, गतिशील र पार्टीप्रति प्रतिबद्ध संगठन निर्माण अहिलेको मुख्य आवश्यकता भएको उनको भनाइ थियो।

सो कार्यक्रममा मधेश प्रदेश इन्चार्ज महेन्द्र राय यादवले आफूले लामो समय मधेसको क्षेत्रीय राजनीतिमा बिताएको उल्लेख गर्दै त्यसप्रति पश्चाताप व्यक्त गरे। उनले राष्ट्रिय राजनीतिमा नेपाली कम्युनिस्ट पार्टी नै नेपाली जनताको विकल्प भएको दाबी गरे।

पूर्वमन्त्रीसमेत रहेका इन्चार्ज यादवले मधेशको क्षेत्रीय राजनीतिमा १८ वर्ष सक्रिय रहे पनि अब राष्ट्रिय राजनीतिको मूलधारमा कम्युनिस्ट आन्दोलनलाई बलियो बनाउनुपर्ने आवश्यकता रहेको बताए।

त्यस्तै, मधेशी मोर्चाका इञ्चार्ज तथा प्रतिनिधिसभा सदस्य मातृका प्रसाद यादवले जनयुद्ध, जनआन्दोलन तथा मधेशी, आदिवासी-जनजाति, थारूलगायत विभिन्न समुदायले गरेका आन्दोलनका कारण वर्तमान राजनीतिक उपलब्धि हासिल भएको बताए।

प्राप्त उपलब्धिको रक्षा गर्न मधेशका जनतालाई कम्युनिस्ट विचार र राजनीतिक एजेन्डाबारे थप प्रशिक्षित गर्नुपर्नेमा उनले जोड दिए। विभिन्न आन्दोलनबाट प्राप्त अधिकार संस्थागत गर्न राजनीतिक चेतना र संगठनलाई सुदृढ बनाउनुपर्ने उनको भनाइ थियो।

सो कार्यक्रममा पार्टी एकता समायोजनसँगै सहभागी नेता तथा कार्यकर्तालाई शपथ ग्रहण गराइएको थियो। प्रशिक्षण कार्यक्रममा पार्टीको राजनीतिक विचार, संगठन विस्तार, आगामी राजनीतिक कार्यदिशा तथा वर्तमान परिस्थितिमा पार्टीले निर्वाह गर्नुपर्ने भूमिकाबारे छलफल गरिएको थियो।

## गुठी संस्थानको कार्यशैलीमाथि मेयर साहको प्रश्न

# सार्वजनिक शौचालय कहाँ बनाउने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले गुठी संस्थानको अतिक्रमति पोखरी तथा सार्वजनिक जग्गामा खाली गराउने अभियानको कार्यशैलीमाथि प्रश्न उठाएका छन्।

बुधवार पत्रकारहरुसँग कुरा गर्दै मेयर साहले गुठी संस्थानले अतिक्रमण हटाउने नाममा सरकारकै लगानीमा उपमहानगरपालिका वा अन्य निकायद्वारा जनताको सुविधाका लागि निर्माण गरिएका सार्वजनिक संरचनासमेत भत्काउँदै गएभने ती संरचना कहाँ निर्माण गर्ने भन्ने गुठीको कार्यशैलीमाथि प्रश्न उठाए।

'सम्पूर्ण जनकपुरधामको जग्गा गुठीको हो भने सार्वजनिक शौचालय कहाँ बनाउने ? प्रश्न गर्दै उनले भने सार्वजनिक प्रयोजनका लागि राज्यको लगानीमा निर्माण गरिएका संरचनालाई समेत अतिक्रमणको नाममा हटाउँदै जाने हो भने त्यसको प्रत्यक्ष असर सर्वसाधारणमाथि पर्नेछ।'

गुठी संस्थानले अतिक्रमित जग्गा खाली गराउने विषयमा उपमहानगरपालिका सकारात्मक रहेको बताउँदै मेयर साहले अतिक्रमणको स्पष्ट परिभाषा र मापदण्डबारे भने गुठी संस्थान नै स्पष्ट हुनुपर्ने बताए।

उनका अनुसार कुनै व्यक्ति वा संस्थाले गुठीको जग्गा अनधिकृत रूपमा कब्जा गरी निजी प्रयोजनमा प्रयोग गरेको छ भने त्यस्तो अतिक्रमण हटाउने विषयमा उपमहानगरपालिकाको सहयोग रहनेछ । तर, सरकार वा स्थानीय तहको लगानीमा सार्वजनिक प्रयोजनका लागि निर्माण गरिएका संरचनालाई समेत अतिक्रमणको सूचीमा राखेर भत्काउने कार्य स्वीकार्य नहुने उनको भनाइ छ।

गुठी संस्थानले करिब एक महिनाअघि जनकपुरधाम उपमहानगरपालिकाभित्रकासातवटा पोखरीकोडिलमारहेकाअतिक्रमित भनिएका संरचना हटाउने अभियान सञ्चालन गरेको थियो। सो क्रममा एउटा सार्वजनिक शौचालयसमेत भत्काइएको विषयलाई मेयर साहले विशेष रूपमा उठाएका छन्।



> जनताको सुविधाका लागि सरकारकै लगानीमा निर्माण गरिएको सार्वजनिक शौचालय भत्काउनुको औचित्यमाथि प्रश्न उठाउँदै गुठी संस्थानले अतिक्रमण हटाउने क्रममा कुन संरचना अनधिकृत हो र कुन संरचना सार्वजनिक प्रयोजनका लागि निर्माण गरिएको हो भन्ने छुट्याउनुपर्नेमा जोड दिए ।

उनले जनताको सुविधाका लागि सरकारकै लगानीमा निर्माण गरिएको सार्वजनिक शौचालय भत्काउनुको औचित्यमाथि प्रश्न उठाउँदै गुठी संस्थानले अतिक्रमण हटाउने क्रममा कुन संरचना अनधिकृत हो र कुन संरचना सार्वजनिक प्रयोजनका लागि निर्माण गरिएको हो भन्ने छुट्याउनुपर्नेमा जोड दिए।

मेयर साहले गुठीको जग्गामा विभिन्न तहका सरकारले लगानी गरेर निर्माण गरेका संरचनाको विषयमा समेत प्रश्न उठाएका छन् । उनका अनुसार संघीय, प्रदेश तथा स्थानीय सरकारको लगानीमा सार्वजनिक प्रयोजनका लागि निर्माण गरिएका शौचालय, विद्यालय, योग केन्द्रलगायतका संरचना हटाउने हो भने त्यसबाट सरकारको लगानी खेर जाने मात्र नभई नागरिकले प्राप्त गरिरहेको सेवा पनि बन्द हुनेछ।

'तीनै तहका सरकारको लगानीमा जनताको सुविधाका लागि निर्माण गरिएका संरचना भत्काएर जनतालाई नै दुःख दिने काम हुनु हुँदैन,' उनले भने।

गुठी संस्थानले पहिलो चरणमा जनकपुरधामका सातवटा पोखरीको डिलमा रहेका अनधिकृत संरचना हटाउने अभियान सञ्चालन गरेको थियो। त्यस क्रममा केही संरचना डोजर प्रयोग गरी हटाइएको थियो । तर पेठिया बजारस्थित पोखरी डिलमा रहेका शौचालय भत्काइएको थियो। दोश्रो चरणमा समेत जानकी नगरस्थित लबकी पोखरी नजिक रहेका विद्यालयको शौचालय र योगशिविर समेत भत्काउन मार्किंग गरेपछि मेयर साह विरोधमा उत्रेका हुन्।

जनकपुरधामका ऐतिहासिक पोखरी, मठमन्दिर तथा गुठी जग्गा अतिक्रमणको विषय नयाँ होइन। लामो समयदेखि विभिन्न स्थानमा गुठीको जग्गा व्यक्तिको कब्जामा पुगेको, व्यापारिक तथा आवासीय प्रयोजनमा प्रयोग भएको र सार्वजनिक संरचनासमेत निर्माण भएको विषय उठ्दै आएको छ।

दोश्रो चरणमा समेत गुठी संस्थानले थप १५ वटा पोखरीको डिल खाली गराउने सूचना जारी गरेको छ। तर उपमहानगरले सहयोग नगर्ने अडान लिएपछि पहिलो ७ दिने अल्टिमेटम सकिएपछि विवादले गर्दा दोश्रो १५ दिने अल्टिमेटम सहितको सूचना जारी गरिएको थियो । तर उपमहानगरको असहयोगले त्यो मिति पनि सकिएको छ।

# महतोले जसपाबाट दिए राजीनामा



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सदस्य बलराम महतोले पार्टीको साधारण सदस्य समेत नरहने गरी सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएका छन्।

महतोले पार्टी अध्यक्षलाई सम्बोधन गर्दै राजीनामा पत्र बुझाउँदै आफूले लामो समयदेखि पार्टीप्रति राख्दै आएको राजनीतिक आस्था, प्रतिबद्धता र योगदानलाई सम्मानका साथ स्मरण गर्दै पार्टीबाट अलग हुने निर्णय गरेको बताएका छन्।

उनले पछिल्लो समय आफ्नो निर्माण व्यवसायमा पुनः सक्रिय हुनुपर्ने अवस्था आएकाले पार्टीको जिम्मेवारीलाई विगतमा जस्तै सक्रिय, प्रभावकारी र निरन्तर रूपमा निर्वाह गर्न कठिन भइरहेको उल्लेख गरेका छन्।

महतोले पार्टीबाट अलग हुनुको कारण व्यक्तिगत असन्तुष्टि वा नेतृत्वसँगको विवाद नभई आफ्नो व्यावसायिक जिम्मेवारी र नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने सोच रहेको बताएका छन्।

राजीनामा पत्रमा उनले राजनीति कुनै व्यक्तिले निरन्तर पदमा रहिरहने माध्यम मात्र नभई नयाँ पुस्तालाई जिम्मेवारी हस्तान्तरण गर्दै संगठनलाई गतिशील बनाउने प्रक्रिया भएको उल्लेख गरेका छन्।

'युवा पुस्ताका सक्षम, ऊर्जाशील र नयाँ सोच भएका साथीहरूलाई अगाडि बढ्ने अवसर प्रदान गर्नुपर्छ भन्ने मेरो दृढ विश्वास छ,' उनले राजीनामा पत्रमा भनेका छन्।

महतोले आफूले सम्हाल्दै आएको केन्द्रीय सदस्य पदसहित पार्टीका कुनै पनि जिम्मेवारी तथा साधारण सदस्यबाट समेत राजीनामा दिएको बताए। उनले आफ्नो राजीनामालाई नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने स्वाभाविक र स्वेच्छिक निर्णयका रूपमा बुझिदिन पार्टी नेतृत्वसँग आग्रह गरेका छन्।


## मधेश कृषि विश्वविद्यालय

राजविराज न.पा.-३, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा आवेदन फाराम भर्ने म्याद पुनः थप सम्बन्धी

## सूचना



मिति २०८३/०५/१६ गतेको सूचना अनुसार यस मधेश कृषि विश्वविधालय कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०८३/८४, चार वर्षे कृषि स्नातक तह (B. Sc. Ag. Hons.) मा बिद्यार्थी भर्नाका लागि मिति २०८३/०५/१६ गते देखि मिति २०८३/०५/३१ गते दिन बुधबारसम्म आवेदन फारम भर्ने म्याद थप रहेकोमा Online आवेदन फारम भर्ने म्याद मिति २०८३/०६/१५ गते बिहिवार राति १२:०० बजेसम्मका लागि पुनःथप गरिएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराईन्छ।



## विज्ञापन बोर्डमा सूचीकृत हुनु भयो त ?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरीतका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८